# नेपाल

## 2015 स्वास्थ्य संस्था सर्वेक्षण

## प्रमुख नतिजाहरू









नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
२०१६

This report presents findings of the 2015 Nepal Health Facility Survey (2015 NHFS). The survey received funding from the United States Agency for International Development (USAID), the UK Department for International Development (DFID), and The World Health Organization (WHO). ICF provided technical assistance through the worldwide DHS Program, which assists countries in the collection of data to monitor and evaluate population, health, and nutrition programs. The Nepal Health Sector Support Program (NHSSP), a DFID-funded technical assistance program supporting MoH to implement the second Nepal Health Sector Program (NHSP-2), also provided technical assistance to the survey. New ERA, a private research firm, implemented the survey.

Additional information about the 2015 NHFS can be obtained from the Nepal Ministry of Health, Ramshah Path, Kathmandu; Telephone: +977-1-4262543/4262802; Internet: www.mohp.gov.np; and New ERA, Rudramati Marg, Kalopul, P.O. Box 722, Kathmandu 44600, Nepal; Telephone: +977-1-4413603; E-mail: info@newera.com.np; Internet: www.newera.com.np.

Information about The DHS Program can be obtained from ICF, 530 Gaither Road, Suite 500, Rockville, MD 20850 USA; Telephone: 301.407.6500; Fax: 301.407.6501; E-mail: reports@DHSprogram.com; Internet: www.DHSprogram.com.

**Recommended Citation:**

Ministry of Health, Nepal; New ERA, Nepal; Nepal Health Sector Support Program (NHSSP); and ICF. 2017. 2015 Nepal Health Facility Survey: Key Findings. Kathmandu, Nepal: Ministry of Health, Kathmandu; New ERA, Nepal; NHSSP, Nepal; and ICF.

Icons courtesy of The Noun Project: Baby, Baby Care by Saeed Farrahi; Childbirth by Luis Prado; Mosquito by Monika Ciapala; Health by Christopher Holm-Hansen; Lungs by Brennan Novak; Stethoscope by Olivier Guin; Gloves by TNS; and Microscope by Stuart McCoy

Cover photographs: © 2016 Nepal Health Sector Support Program


# परिचय (INTRODUCTION)

2015 नेपाल स्वास्थ्य संस्था सर्वेक्षण (Nepal Health Facility Survey) (NHFS) नेपालको स्वास्थ्य संस्थाहरुको विस्तृत अध्ययन गर्ने पहिलो सर्वेक्षण हो । यो सर्वेक्षणमा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य क्षेत्रका विकास साझेदार संस्थाहरुबाट हुदै आएका विभिन्न स्वास्थ्य संस्था स्तरिय सर्वेक्षणहरुलाई समावेश गरिएको छ । देशमा भएका स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने स्वास्थ्य सेवाको अवस्था बारे सुचना संकलन गर्न तथा बाल स्वास्थ्य, परिवार नियोजन, मातृ तथा नवजात शिशु सेवा, एच.आई.भि., यौन जन्य संक्रमण, नसर्ने रोग र क्षयरोग सम्बन्धी गुणस्तर सेवा दिनको निम्ति स्वास्थ्य संस्थाहरु तयारी अवस्थामा भए नभएको बारे लेखाजोखा गर्नेका निम्ती यो सर्वेक्षण गरिएको हो ।

2015 NHFS मा छ प्रकारका प्रश्नावलीहरु प्रयोग गरिएको थियो ।

- संस्थाको बस्तुसुची (Inventory) सम्बन्धी प्रश्नावली (Facility Inventory Questionnaire);
- स्वास्थ्यकर्मीहरुको अन्तरवार्ता सम्बन्धी प्रश्नावली (Health Provider Interview Questionnaire);
- बाल रोग, गर्भवती सेवा र परिवार नियोजन सम्बन्धी परामर्श र जाँच अवलोकन गर्ने प्रोटोकल (Observation Protocol and Consultations and Examination of Sick Children, Antenatal Care and Family Planning);
- गर्भवती सेवा लिएका महिला, परिवार नियोजनको सेवाग्राही, सुत्केरी भएका महिला र बिरामी बच्चाको अभिभावकहरुलाई अन्तरवार्ताको प्रश्नावली (Client Exit Interview Questionnaires for Women Attending Antenatal Care, Family Planning Clients, Postpartum Women and Caretakers of Sick Children);
- स्वास्थ्य संस्था सञ्चालन र व्यवस्थापन समिति र अस्पताल विकास समितिका सदस्यहरुको अन्तरवार्ता सम्बन्धी प्रश्नावली (Health Facility Operational and Management Committee/Hospital Development Committee Member Interview Questionnaire) .

| 2015 NHFS मा सर्वेक्षण भएका संस्थाहरुको संख्या | Weighted | Unweighted |
|---|---|---|
| **संस्थाको प्रकार** | | |
| अञ्चल र सो भन्दा माथिको अस्पतालहरु | 6 | 27 |
| जिल्ला स्तरका अस्पतालहरु | 16 | 76 |
| निजी अस्पतालहरु | 70 | 144 |
| प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरु | 42 | 200 |
| स्वास्थ्य चौकीहरु | 775 | 423 |
| शहरी स्वास्थ्य केन्द्रहरु | 32 | 45 |
| Stand Alone एच.आई.भि. परिक्षण तथा परामर्श केन्द्रहरु | 23 | 48 |
| **व्यवस्थापन स्वामित्व** | | |
| निजी | 871 | 771 |
| सरकारी | 92 | 192 |
| **भौगोलिक क्षेत्र** | | |
| हिमाल | 118 | 135 |
| पहाड | 492 | 457 |
| तराई | 353 | 371 |
| **भुकम्प प्रभावित जिल्लाहरु (14)** | | |
| भुकम्प प्रभावित जिल्लाहरु | 200 | 210 |
| **राष्ट्रिय औसत** | **963** | **963** |




2015 NHFS मा नेपालभरीका 1,000 वटा संस्थाहरुलाई नमूना छनोटमा समावेश गरिएको थियो । उक्त 1,000 वटा औपचारिक संस्थाहरु मध्ये, 37 वटा संस्थाहरु अस्थायी रुपमा बन्द भएका/दोहरीएका वा सर्वेक्षणमा भाग लिन अस्विकार गरेका थिए । जम्मा 963 वटा संस्थाहरुबाट पूर्णरुपमा तथ्याङ्क संकलन गरिएको थियो । सर्वेक्षणको नतिजा संस्थाको प्रकार, व्यवस्थापन स्वामित्व, भौगलिक क्षेत्र र भूकम्प प्रभावित जिल्ला अनुसार प्रस्तुत गरिएको छ ।

NHFS मा सर्वेक्षण गरेको दिन उपस्थित भएका 4,057 वटा स्वास्थ्य सेवा प्रदायकहरुको अन्तरवार्ता गरिएको थियो । समग्रमा, 43 प्रतिशत पारामेडिक्स (Paramedics), 39 प्रतिशत नर्स, 9 प्रतिशत डाक्टर, 9 प्रतिशत टेक्निसिएन र 1 प्रतिशत अन्य क्लिनिकल सेवा प्रदायकहरु थिए । सर्वेक्षणमा अवलोकनको लागि सर्वेक्षण गरेको दिनमा गर्भवती, परिवार नियोजन र बाल रोगको उपचारात्मक सेवाहरु लिन आएका सेवाग्राहीहरुलाई छनौटमा पारिएको थियो । समग्रमा, 2,186 बाल रोगको सेवाग्राही, 772 परिवार नियोजनका सेवाग्राही र 1,509 गर्भवती सेवा लिन आएका महिलाहरुलाई अवलोकन गरिएको थियो ।

# नेपाल स्वास्थ्य संस्था सर्वेक्षण 2015 को यादगारी

यी निम्न यस चिन्हहरुले सेवा क्षेत्रको विवरण, अवलोकन वा सेवा लिएर बाहिरिएका सेवाग्राहीहरु संग अन्तरवार्ता लिएको र सेवाको किसिम अनुसार सेवा प्रदान (Offer) गर्ने संस्थाहरुको संख्यालाई सङ्केत गर्दछ ।

☆ Observations of Consultations (**सर–सल्लाह/छलफलको अवलोकन**)
● Client Exit Interview (**सेवा लिएर बाहिरिएका सेवाग्राहीहरु संग अन्तरवार्ता**)
N = Number of Facilities Offering Service (**सेवा प्रदान** (Offer) **गर्ने संस्थाहरुको संख्या**)

**जम्मा स्वास्थ्य संस्थाहरू**
**N=963**

## बाल स्वास्थ्य

- ☆ ● उपचारात्मक सेवा N=934
- बाल वृद्धि अनुगमन N=872
- बाल खोप N=816

## परिवार नियोजन

- ☆ ● परिवार नियोजन N=919

## मातृ स्वास्थ्य

### गर्भवती सेवा

- ☆ ● गर्भवती सेवा N=919
- आमाबाट बच्चाहरुमा सर्ने एच.आई.भि.को रोकथाम N=167

### प्रसुती तथा नवजात शिशु सेवा

- ● प्रसुती तथा नवजात शिशु सेवा N=457

## एच.आई.भि./एड्स

- एच.आई.भि. परिक्षण N=57
- एच.आई.भि. हेरचाह र सहयोग N=45
- एच.आई.भि. बिरुद्ध उपचार N=15
- यौन जन्य रोगको निदान वा उपचार N=692

## औलो

- औलो रोगको निदान वा उपचार N=481

## नसर्ने रोगहरू

- मधुमेह N=198
- हृदय रोग N=687
- श्वासप्रश्वास सम्बन्धी दीर्घ रोग N=885

## क्षयरोग

- क्षयरोगको निदान वा उपचार र/वा उपचारको फलोअप N=882

यो प्रतिवेदन सेवा क्षेत्र अनुसार तयार पारिएको छ, तर हरेक खण्डमा आधारभूत कुराहरु समावेश गरिएको छ । हरेक खण्डको मुख्य नतिजा तलका चिन्ह अनुसार प्रयोग गर्नुहोस् ।

- सेवा, उपचार र आपूर्तिको उपलब्धता **(Availability of services, medication, and supplies)**
- सेवाका निर्देशिका र उपकरणहरु **(Guidelines and equipment for services)**
- संक्रमण नियन्त्रण **(Infection control)**
- प्रयोगशालाको निदान वा जाँचको क्षमता **(Laboratory diagnostic or testing capacity)**
- तालिम र व्यवस्थापन **(Training and supportive management)**

# नेपालको स्वास्थ्य संस्थाहरू (HEALTH FACILITIES IN NEPAL)

### सेवाहरुको उपलब्धता (Availability of Services)


कुनै पनि स्वास्थ्य संस्थामा उपलब्ध हुने स्वास्थ्य सेवाहरुको आधारभूत प्याकेज र सो सेवाहरु कत्तिको प्रदान गरिन्छ भन्ने कुराले सेवाग्राहीको सेवा लिने कुरामा योगदान पुर्‍याउँछ । यद्यपि, यदि कुनै संस्थाले सबै सेवा दिदैंन भने, उक्त संस्था कम गुणस्तरको भनि अनुमान गर्न मिल्दैन । दशमा ६ वटा भन्दा बढी (62%) स्वास्थ्य संस्थाहरुले आधार भूत सेवा प्रदान गर्दछन्, जसमा बाल रोगको उपचारात्मक सेवा, बाल बृद्धि अनुगमन, बाल खोप सेवा, परिवार नियोजनको आधुनिक कुनै एक साधन, गर्भवती सेवा र यौनजन्य संक्रमणको सेवाहरु पर्दछ । यी सबै सेवाहरुको उपलब्धता निजी संस्थाहरु (25%) भन्दा सरकारी संस्थाहरुमा बढि (65%) उपलब्धता भएको देखिएको छ । त्यस्तै यी सेवाहरु हिमाली (53%) र तराई (54%) भन्दा पहाडी (70%) क्षेत्रमा अझ बढि मात्रामा देखिन्छ ।

सेवाको उपलब्धता स्वास्थ्य संस्थाको प्रकार अनुसार फरक छन् । जस्तै, 90 प्रतिशत भन्दा बढी सरकारी स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य सेवा केन्द्र र जिल्ला स्तरको अस्पतालहरुमा बाल बृद्धि अनुगमन सेवा निजी स्वास्थ्य संस्थाहरु (54%) को तुलनामा बढी छ । त्यस्तै, निजी अस्पतालहरुले बाल खोप सेवा कम प्रदान गर्दछन् । सबै जिल्ला स्तरका अस्पतालहरु, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरुले परिवार नियोजनको कुनै एक आधुनिक साधनहरु प्रदान गर्दछन् । जवकी जम्मा 10 मा 7 वटा निजी अस्पतालहरुले मात्र सो सेवा प्रदान गर्दछन् । 90 प्रतिशत भन्दा बढि अञ्चल र सो भन्दा माथीको अस्पताल, जिल्ला स्तरीय अस्पताल, निजी अस्पताल र प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुले यौन जन्य संक्रमणको सेवा प्रदान गर्दछन् । प्राय:जसो सबै प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरु (91%) ले सबै खालका आधारभूत सेवाहरु दिने गरेको पाईएको छ ।

### आधारभूत सुविधाहरु (Basic Amenities)

नेपालको धेरै जसो स्वास्थ्य संस्थाहरुमा आधारभूत सुविधाहरुको कमि देखिन्छ । आधा जसो स्वास्थ्य संस्थाहरुमा नियमित विजुली छैन । पाँच वटा संस्था मध्ये चार वटामा सञ्चारको उपकरणको अभाव छ । यद्यपि, 80 प्रतिशत भन्दा बढी संस्थाहरुमा सेवाग्राहीको लागि चर्पी (82%) र शुद्ध पानीको श्रोत (81%) को व्यवस्था छ । धेरै जसो (79%) स्वास्थ्य संस्थाहरुमा विरामी जाँच्दा नदेखिने र नसुनिने गरी गोपनियता कायम राख्ने गरी जाँच्ने गरिएको पाईएको छ । यसका अतिरिक्त 59 प्रतिशत संस्थाहरुमा आकस्मिक यातायाताको सुविधा छ । समग्रमा, जम्मा 11 प्रतिशत संस्थाहरुमा सबै किसिमका सुविधाहरु (कम्प्यूटर र इन्टरनेट बाहेक) छन् । यी सबै सुविधाहरु निजी (78%) संस्थामा अझ बढी भएको पाईएको छ ।

### संक्रमण नियन्त्रण (Infection Control)




जम्मा 10 संस्थाहरु मध्ये 8 वटा स्वास्थ्य संस्थाहरुमा कुनै न कुनै किसिमका निर्मलीकरण गर्ने उपकरणहरु भएको पाईएको छ । यी उपकरणहरु अधिकांश अञ्चल र सो भन्दा माथिका अस्पताल, जिल्ला स्तरका अस्पताल र निजी अस्पतालहरुमा भएको पाईएको छ । 80 प्रतिशत संस्थाहरुमा Latex Gloves उपलब्ध भएको पाईएको छ भने Medical Mask जम्मा 19 प्रतिशत संस्थाहरुमा मात्र भएको पाईएको छ । आधाभन्दा अलिकति बढि संस्थाहरुमा Soap & Running Water वा Alcohol Based Hand Disinfectant (56%) सुविधा उपलब्ध थिए ।

### नेपाल स्वास्थ्य संस्था सर्वेक्षण (NHFS) को परिभाषा:

उपलब्धता*(Available)*: अवलोकन गरेको वस्तुहरुलाई मात्र उपलब्धतामा वर्गिकरण गरिएको छ । स्वास्थ्य कर्मीले उपलब्ध भएको भनी रिर्पोट गरेको तर अन्तरवार्ता लिने व्यक्तिलाई देखाउन नसकेको वा अवलोकन नभएको कुरालाई उपलब्धतामा बर्गिकरण गरिएको छैन ।


**Availability of Basic Client Services**

*Among all facilities excluding HTCs (N=940), percent offering indicated basic client services*




**Availability of Basic Amenities for Client Services**

*Among all facilities, percent with indicated amenities considered basic for quality services (N=963)*



# बाल स्वास्थ्य(CHILD HEALTH)

**बाल स्वास्थ्य सेवाहरुको उपलब्धता (Availability of Child Health Services)**

सबै स्वास्थ्य संस्थाहरुले विरामी बच्चाको बहिरङ्ग उपचारात्मक सेवा अफर गर्दछन् । त्यस्तै 93 प्रतिशत संस्थाहरुले बाल बृद्धि अनुगमन सेवा र 87 प्रतिशतले बाल खोप सेवा प्रदान गर्दछन् । 85 प्रतिशत स्वास्थ्य संस्थाहरुले माथि उल्लेख गरिएका तिन वटै आधारभुत बाल स्वास्थ्य सेवाहरु प्रदान गर्दछन् । तिन वटै आधारभुत बाल स्वास्थ्य सेवाहरु शहरी स्वास्थ्य केन्द्रको (71%) तुलनामा प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा (92%) धेरै पाईएको थियो । ब्यवस्थापन स्वामित्वको आधारमा हेर्दा लगभग 90 प्रतिशत सरकारी संस्थाहरुले, निजीको (26%) तुलनामा, तिन वटै आधारभूत बाल स्वास्थ्य सेवाहरु प्रदान गरेको पाईएको छ । भूकम्प प्रभावित 14 जिल्लाहरुमा पनि लगभग 90 प्रतिशत स्वास्थ्य संस्थाहरुले तिन वटै बाल स्वास्थ्य सेवाहरु प्रदान गर्ने गरेको पाईएको छ ।

**बाल उपचारात्मक सेवाहरुको लागि निर्देशिका र उपकरणहरु (Guideline and Equipment for Child Curative Care Services)**

विरामी बच्चाका लागि बाल उपचारात्मक सेवाहरु अफर गर्ने (N=934) स्वास्थ्य संस्थाहरु मध्ये 99 प्रतिशतले हप्तामा 5 दिन वा सो भन्दा बढी दिन सो सेवा अफर गर्ने गरेका छन् । दशमा 6 वटा संस्थाहरुमा बाल रोगको एकिकृत व्यवस्थापन (IMCI) वा नवजात शिशु तथा बाल रोगको एकिकृत व्यवस्थापन (IMNCI) सम्बन्धी निर्देशिका भएको पाइयो । निर्देशिका, तालिम प्राप्त स्वास्थ्य कर्मी वा आवश्यक पर्ने उपकरणहरु जस्तै : तौल नाप्ने मेसिन, थर्मामिटर, स्टेथेस्कोप वा बाल स्वास्थ्य कार्ड यी सबै किसिमको उपकरणहरुको एक मुष्ठ उपलब्धता कुनै पनि संस्थाहरुमा नभएको पाइयो ।

**ब्यवस्थापनको अभ्यास र तालिम (Management Practices and Training)**

अन्तरवार्ता लिईएका जम्मा 3,296 बाल स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य कर्मीहरु मध्ये सर्वेक्षण अघिको दुई वर्ष भित्रमा बाल स्वास्थ्य सम्बन्धी कुनै न कुनै किसिमको In Service Training लिएका जम्मा दशमा तिन जना मात्र पाईएको थियो । सर्वेक्षण अघिको 6 महिना भित्रमा दशमा सात स्वास्थ्य कर्मीहरुलाई माथिल्लो निकायबाट सुपरिवेक्षण भएको पाईएको छ ।

अन्तरवार्ता गरिएका बाल स्वास्थ्यको सेवा प्रदायकहरु मध्ये विगत दुईवर्ष भित्रमा लिएको In Service Training अन्तरगत राष्ट्रिय खोप कार्यक्रम (National Immunization Program) वा कोल्डचेन अनुगमन (11%), IMCI/IMNCI (11%), बाल्य तथा युवा बच्चा आहार (IYCF) (7%) औंलोरोगको RDT जाँच सम्बन्धी (6%), आवश्यक पोषण कार्य (essential nutrition action) (5%) वा आइरनको कमीबाट हुने समस्या (2%) जस्ता शिर्षकहरु समावेश भएका थिए ।

**संक्रमण नियन्त्रण (Infection Control)**

विरामी बच्चाको बहिरङ्ग उचारात्मक सेवा अफर गर्ने स्वास्थ्य संस्थाहरु सबैमा संक्रमण नियन्त्रणका लागि अलग अलग किसिमका व्यवस्था भएको पाईएको थियो । बाल रोगको बहिरङ्ग उपचारात्मक सेवा दिने धेरैजसो संस्थाहरुमा सुरक्षित भाडो (Safety Box) (81%) वा Latex Gloves (79%) पाईएको थियो । Soap and running water वा अन्य alcohol-based hand disinfectant (54%) कमै संस्थाहरुमा थियो । संक्रमण नियन्त्रण सम्बन्धी सबै व्यवस्था उपलब्ध भएका स्वास्थ्य संस्थाहरु एक प्रतिशत भन्दा कम पाईएको थियो ।

**प्रयोगशालामा निदानको क्षमता (Laboratory Diagnostics Capacity)**


बालरोग बहिरङ्ग उपचारात्मक सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु (N=934) मध्ये, 15 प्रतिशत संस्थाहरुमा रक्त अल्पताको लागि हेमोग्लोविन मापन गर्ने क्षमता, 22 प्रतिशत संस्थाहरुमा औलो निदान गर्ने क्षमता र 11 प्रतिशत संस्थाहरुमा Stool Microscopy गर्ने क्षमता भएको पाईएको छ । समग्रमा, 10 वटा संस्थाहरु मध्ये एक भन्दा कम संस्थाहरुमा मात्र माथिका तिन वटै सेवाहरु निदान गर्ने क्षमता थियो । अन्य संस्थाहरुको तुलनामा अस्पतालहरु (अञ्चल र सो भन्दा माथी, जिल्लास्तरको र निजी) मा तिन वटै सेवाहरुको निदान गर्ने क्षमता बढी मात्रामा उपलब्धता थियो जुन स्वभाविक नै हो । प्रयोगशालाबाट माथिको सेवाहरु सम्बन्धी निदान गर्ने क्षमता सरकारी संस्थाहरुमा भन्दा निजी संस्थाहरुमा बढी मात्रामा भएको पाईएको छ ।

**अत्यावश्यक औषधीहरुको उपलब्धता (Availability of Essential Medicines)**

बाल रोग बहिरङ्ग उपचारात्मक सेवा अफर गर्ने स्वास्थ्य संस्थाहरुमा 10 मा 9 वटा मा जुकाको प्रकोपको लागि अलबेन्डाजोल (Albendazole) (97%), जिङ्क चक्की (96%), जल वियोजनका लागि पुनर्जलीय झोल (92%), र भिटामीन "ए" क्याप्सुल (90%) उपलब्ध थिए । पारासिटामोल 85 प्रतिशत संस्थाहरुमा उपलब्ध थियो । जबकि कोट्रिमोक्साजोल आधा जति संस्थाहरुमा मात्र उपलब्ध थिए । सर्वेक्षण गरिएको दिनमा जम्मा 24 प्रतिशत संस्थाहरुमा मात्र Amoxycillin उपलब्ध थियो ।

**Availability of Essential Medicines and Commodities**

*Among facilities offering outpatient curative care services for sick children (N=934), percent where essential medicines were observed to be available in the facility on the day of the survey*



## बिरामी बच्चाहरुको मुल्याङ्कन, जाँच र उपचार (Assessment, Examination and Treatment of Sick Children)

जम्मा 2,186 जना बिरामी बच्चाहरुको उपचार सेवा अवलोकन गरिएको थियो । उक्त उपचार सेवा दिदा, जम्मा दुई प्रतिशत स्वास्थ्यकर्मीहरुले मात्र खतराका तिनैवटा मुख्य संकेतहरु बच्चाले खान वा पिउन सक्ने-नसक्ने बारे (22%), बान्ता गर्ने बारे (21%) र बच्चालाई कम्पन आएको बारे (5%) सोधेर परिक्षण गरेका थिए । अवलोकन गर्दा चारमा एक जना स्वास्थ्यकर्मीले मात्र तिन वटै मुख्य लक्षणहरु ज्वरो (77%), खोकीरश्वास फेर्न गाऱ्हो (56%), र झाडापखाला (41%) बारे लेखा जोखा गरेको पाईएको थियो । स्वास्थ्यकर्मीले शारीरिक जाँचको अन्य विभिन्न पक्षमा पनि धेरै पक्षहरु छुटाएको पाईएको थियो जस्तै जम्मा 7 प्रतिशत बिरामी बच्चामा मात्र जलवियोजनको बारेमा जाँचेको भेटियो । त्यस्तै जम्मा 24 प्रतिशत विरामीको मात्र श्वासप्रश्वास दर नापेको पाइयो र 56 प्रतिशत विरामी बच्चाहरुको मात्र तापक्रम लिएको थियो ।


विरामी बच्चाका अभिभावकलाई घर फर्कीसकेपछि बच्चाको स्याहार कसरी गर्ने बारे अनिवार्य बताउनु पर्ने हुन्छ । नेपालका थोरै स्वास्थ्य कर्मीहरुले मात्र झोल पदार्थ कसरी बढाएर खुवाउने (18%), बच्चालाई किन निरन्तर खुवाइरहने (17%) र के लक्षण देखिएपछि पुन: स्वास्थ्य संस्थामा ल्याउने (7%) भन्ने बारे सल्लाह दिएको पाईएको थियो ।

### निदान द्वारा उपचार (Treatment by Diagnosis)

बालरोगहरुको निदान र उपचार गर्नको निम्ती स्वास्थ्यकर्मीले IMCI/ IMNCI निर्देशिकाको पालना गर्नुपर्छ । दश जनामा लगभग 9 जना ज्वरो आएका बच्चाहरुलाई Symptomatic उपचारको लागि ज्वरो घटाउने औषधी दिइएको थियो । ज्वरो आएका बच्चाहरु मध्ये लगभग आधा जसोलाई Oral Antibiotic दिईएको थियो । जलवियोजन भएको 35 प्रतिशत बच्चाहरुको तुलनामा लगभग आधा जसो झाडापखाला भएको तर जलवियोजन नभएको बच्चालाई Oral Antibiotic दिईएको थियो । झाडापाखाला लागेको बच्चाहरुमध्ये जलवियोजन नभएको (42%) बच्चाको तुलानामा जलवियोजन भएका (76%) लाई पुन:र्जलिय झोल र जिङ्क सम्भवत: धेरै दिएको पाइयो । अधिकांश न्यूमोनिया भएको बच्चा (86%) लाई Oral Antibiotic दिएको थियो भने 43 प्रतिशत खोकी वा अन्य श्वास प्रश्वासको समस्या भएका बच्चाहरुलाई पनि oral antibiotics दिईएको थियो । यस बाट स्वास्थ्य कर्मीहरुले एन्टिबायोटिकको प्रयोग आवश्यक भन्दा बढी गर्ने गरेको संकेत गर्दछ जसको परिणाम एन्टिबायोटिक प्रतिरोध (antibiotic resistance) हुन सक्दछ ।


**Observed Assessments and Examinations**

*Among observed consultations with sick children (N=2,186), percent that include:*





**Treatment of Children with Diarrhea**

*Among observed children, percent diagnosed with illness who received assessment, examination, and/or treatment*




**Treatment of Children with Respiratory Illness**

*Among observed children, percent diagnosed with illness who received assessment, examination, and/or treatment*



# बाल स्वास्थ्य (CHILD HEALTH)

### खोपको उपलब्धता (Frequency and Availability of Vaccines)

नेपालमा 6 किसिमका भ्याक्सिनहरु बि.सि.जि., पेन्टाभ्यालेन्ट, पोलियो, दादुरा/रुवेला, न्यूमोकोकल र जापनिज इन्सिफ्लाइटिस स्वास्थ्य संस्थाहरुले तालिकाबद्ध (routinely) रुपमा अफर गर्ने गरेको पाईएको छ । दश मध्ये आठ वटा संस्थाहरुमा प्रत्येक भ्याक्सिन महिनाको 1 देखि 2 दिन सम्म दिने गरिएका छन् । प्रत्येक 6 वटै नियमित खोप सेवा महिनाको छ दिनभन्दा बढी दिने संस्थाहरु कमै पाईएको थियो । शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुमा धेरै जसो खोप सेवा महिनामा 1 देखि 2 दिन सम्म चल्ने गरेको पाईएको छ । लगभग दुई तिहाई अञ्चल र सो भन्दा माथिको अस्पतालहरुले 6 वटै नियमित खोप सेवाहरु महिनामा पाँच दिन वा सो भन्दा बढी दिन प्रदान गर्ने गरेको पाईएको छ ।


समग्रमा, 10 प्रतिशत संस्थाले नियमित रुपमा खोप भण्डारण गर्दछन् भने 71 प्रतिशत संस्थाहरुले माथिल्लो निकायका संस्थाहरुबाट ल्याएर छोटो समयको लागि मात्र भण्डारण गर्ने गरेका छन् । जिल्ला अस्पताल, अञ्चल र सो भन्दा माथिको अस्पताल, निजी अस्पताल र प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुले खोपको भण्डारण नियमित रुपले बढी गर्दछन् । व्यवस्थापन स्वामित्व (Managing Authority) अनुसार निजी संस्थाहरुले नै खोपहरुको नियमित भण्डारण बढी गर्ने गरेको पाईएको छ । जबकि, सरकारी संस्थाहरुले धेरै जसो माथिल्लो निकायबाट ल्याएर छोटो समयको लागि भण्डारण गर्ने गरेका थिए ।



© 2011 Amrit Banstola/Public Health Perspective Nepal, Courtesy of Photoshare

**Vaccine Storage by Managing Authority**

*Among facilities offering child vaccination services (N=816), percent that:*




### खोप सेवाहरुको लागि निर्देशिका तथा उपकरणहरु (Guidelines and Equipment for Vaccination Services)

खोप सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु (N=816) मध्ये, 55 प्रतिशत संस्थाहरु संग बालखोपको लागि राष्ट्रिय खोप निर्देशिका वा अन्य खोप सम्बन्धी निर्देशिका भएको पाईएको थियो । तिन चौथाई संस्थाहरु संग आइस प्याक (Ice-pack) सहित भ्याक्सिन क्यारीएर (Vaccine Carrier) उपलब्ध थिए । झण्डै 90 प्रतिशत संस्थाहरु संग Safety Box वा Syringe र Needle उपलब्ध थिए । 10 प्रतिशत भन्दा कम संस्थाहरु संग मात्र खोप सेवाका लागि चाहिने माथि उल्लेखित सबै सामग्रीहरु थिए ।

### संक्रमण नियन्त्रण (Infection Control)

बालखोप प्रदान गर्ने स्वास्थ्य संस्थाहरु (N=816) मध्ये, संक्रमण नियन्त्रणका लागि चाहिने सामग्रीहरुको उपलब्धता फरक-फरक भएको पाईयो । 80 प्रतिशत भन्दा बढि स्वास्थ्य संस्थाहरु संग Safety Box वा Latex Globes उपलब्ध थिए । आधा जसो संस्थाहरुमा मात्र Soap र Running Water वा अन्य alcohol based disinfectant भएको पाईएको थियो ।

# परिवार नियोजना (FAMILY PLANNING)

**परिवार नियोजन सेवाहरुको उपलब्धता (Availability of Family Planning Services)**

समग्रमा, 98 प्रतिशत स्वास्थ्य संस्थाहरुले परिवार नियोजनका आधुनिक साधन/सेवाहरु जस्तै पिल्स, Progestin-only Injectable, इम्पलान्ट (Implant), आई.यु.सि.डि. (IUCD), पुरुष कण्डम वा पुरुष वा महिला बन्ध्याकरण सेवा दिने गरेको पाईएको छ । सरकारी संस्थाहरुमा परिवार नियोजनका कुनै पनि आधुनिक साधन/सेवाहरुको उपलब्धता निजी स्वास्थ्य संस्थाहरुको तुलनामा बढी भएको पाईएको (>99% vs 70%) छ । परिवार नियोजनका कुनै पनि आधुनिक साधन तथा सेवा अफर गर्ने स्वास्थ्य संस्थाहरु (N=919) मा सबै संस्थाहरुले कुनै न कुनै प्रकारका परिवार नियोजनका सेवा हप्तामा छ वा बढी दिन अफर गर्ने गरेको पाईएको छ ।

**परिवार नियोजनका साधनरसेवाहरु प्रदान गरेको (Family Planning Methods Provided)**

अधिकांश स्वास्थ्य संस्थाहरु (N=919) ले परिवार नियोजनको आधुनिक साधनहरुमा पुरुष कण्डम (97%), Progestin-only Injections (95%) र गर्भ निरोधक खाने मिश्रित चक्की (Combined Oral Contraceptive Pills) (95%) दिने गरेका छन् । आई.यु.सि.डि. (21%), इम्पालन्ट (20%), टुबल लिगेसन (Tubal Ligation) (3%) र भ्यास्क्टोमी (2%), को सेवा कमै मात्रामा दिने गरेको पाईएको छ ।


आई.यु.सि.डि. (IUCD), र इम्प्लाण्ट (Implant) सेवाहरु दिनकालागि उच्च सिप र बढी मात्रामा पूर्वाधारहरु आवश्यक पर्ने भएकोले सो को उपलब्धता स्वास्थ्य संस्थाहरुमा नभएको हुन सक्छ । दश मध्ये एउटा संस्थाले मात्र आकस्मिक गर्भनिरोध (Emergency Contraception) सेवा प्रदान गर्ने गरेका छन् ।

**परिवार नियोजनको साधन/सेवाहरुको अफर (Family Planning Services Offered)**

परिवार नियोजनको आधुनिक साधन/सेवा अफर गर्ने संस्थाहरु (N=919) मध्ये, अधिकांशले गर्भनिरोधको खाने मिश्रित चक्की (combined oral contraceptive pill), पुरुष कण्डम र progestin-only injectable सेवाग्राहीहरुलाई प्रदान गर्ने, सल्लाह दिने वा परामर्श गर्ने गरेको पाईएको छ । आधा भन्दा कम संस्थाहरुले इम्प्लान्ट (Implant), पुरुष बन्ध्याकरण, महिला बन्ध्याकरण वा आकस्मीक गर्भनिरोध चक्की प्रदान गर्ने, सल्लाह वा परामर्श सेवा दिने गरेको पाईएको छ । 90 प्रतिशत भन्दा बढी जिल्ला स्तरका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरुमा आधुनिक तिन किसिमका अस्थायी साधनहरुका सेवा दिने गरेको पाईएको छ । जिल्ला स्तरका अस्पतालहरुमा पाँच किसिमका आधुनिक साधन र सेवाहरुका सेवा सम्भवत बढी दिने गरेको पाईएको छ ।

**Family Planning Services Offered by Facility Type**

*Among facilities offering any modern method of FP (N=919), percent that provide, prescribe, or counsel clients*




**नेपाल स्वास्थ्य संस्था सर्वेक्षण (NHFS) का परिभाषाहरु**

*Provided* (प्रदान गरेको): स्वास्थ्य संस्थाले साधनको मौज्दात राखेको र सेवाग्राहीले संस्थामा गएको बेलामा पाएको । उक्त सेवाग्राहीले स्वास्थ्य संस्था नछोडीकन साधनहरु पाएको हुनुपर्दछ ।


*Offer* (अफर): स्वास्थ्य संस्थाले साधन दिएको, कतैबाट सेवा लिने सल्लाह दिएको वा संस्थामा उपलब्ध नभएपनि साधनबारे सेवाग्राहीलाई परामर्श गरेको ।

**परिवार नियोजनका साधनहरुको उपलब्धता (Availability of Family Planning Commodities)**

जबकि धेरै संस्थाहरुले परिवार नियोजनका साधनहरुको सेवा दिने गरेको पाईएकोमा, अधिकांश स्वास्थ्य संस्थाहरुमा सर्वेक्षण गरेको दिनमा प.नि.का साधनहरु उपलब्ध पनि भएको पाईएको थियो । संस्थाहरुमा पुरुष कण्डम, इन्जेक्टेबल (Injectable) र पिल्स सबैभन्दा व्यापक उपलब्ध हुने साधनहरुमा परेका थिए । सर्वेक्षण गरिएको दिनमा 90 प्रतिशत भन्दा बढि निजी अस्पताल, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरुमा प्रत्येक साधनहरु उपलब्ध थिए । समग्रमा, 98 प्रतिशत भूकम्प प्रभावित जिल्लाका संस्थाहरुमा, सर्वेक्षण गरेको दिनमा, प्रत्येक साधनहरु उपलब्ध भएको पाईएको थियो ।

**Availability of Provided Family Planning Commodities**

*Among facilities offering any modern method of family planning, percent of facilities that provide FP methods and had FP methods available on the day of the survey*



# परिवार नियोजना (Family Planning)

**परिवार नियोजन सर-सल्लाह/छलफल सेवाहरु सम्बन्धी अवलोकन (Observations of FP Consultations)**

राष्ट्रिय स्तरमा मान्यता दिएको गुणस्तरीय सेवाको मापदण्ड अनुसार परिवार नियोजन सेवा प्रदायकहरुले कत्तिको सेवा दिईरहेका छन् भनेर लेखाजोखा गर्नका निम्ति NHFS मा परिवार नियोजन सेवाहरुको सर-सल्लाह/छलफल (Consultation) अवलोकन गरिएको थियो। परिवार नियोजन सेवाहरु सम्बन्धी जम्मा 768 वटा सर-सल्लाह/छलफल अवलोकन भएको थियो। जसमा 19 प्रतिशत परिवार नियोजनका नयाँ सेवाग्राहीहरु थिए भने 81 प्रतिशत हाल प्रयोगकर्ता वा लगातार प्रयोग गरिरहेका सेवाग्राहीहरु परेका थिए।

NHFS अनुसार, परिवार नियोजनका नयाँ र लगातार सेवाग्राहीहरुसँग सर-सल्लाह/छलफल गर्दा स्वास्थ्य कर्मीहरुले आवश्यक सबै पक्षहरुको पालना गर्ने नगरेको पाईएको छ। सेवा दिने व्यक्तिले सेवाग्राहीमा यौन रोग (STI) र दिर्घ रोग screen गर्न छुटाएका थिए। नयाँ सेवाग्राहीहरुको (N=147) सर-सल्लाह/छलफल हुंदा जम्मा 2 प्रतिशत सेवाग्राहीहरु संग मात्र पूर्व प्रजनन (reproductive history) बारे जानकारी जस्तै: उमेर, पूर्व गर्भ बारे जानकारी, हालको गर्भ स्थिति, अर्को बच्चाको चाहना वा अर्को बच्चा जन्माउने समयको चाहना, स्तनपानको स्थिति र महिनावारीको नियमितताबारे छलफल भएको पाईएको थियो। नयाँ सेवाग्राहीहरु मध्ये 19 प्रतिशतलाई मात्र दिर्घ रोगको बारे, 4 प्रतिशतलाई मात्र यौन रोगको लक्षणको बारे र 3 प्रतिशतलाई मात्र धुम्रपान बारे सोधेको पाइयो जुन मुख्य चासोका बिषयहरु हुन्। सेवा दिने व्यक्तिले मुख्यतया रक्तचाप (65%) र तौल (57%) मापन गर्ने गरेको पाईएको छ।


परिवार नियोजनको सर-सल्लाह/छलफल अवलोकन गरेका महिला सेवाग्राहीहरु (N=768) मध्ये एक तिहाई सेवाग्राहीसंग गर्भ निरोधक साधनमा उनीहरुको चासो सम्बन्धी छलफल भएको थियो भने थोरैमा परिवार नियोजन साधनहरुको प्रतिकुल असरहरु (side effect) बारे छलफल गरेको पाइयो। मुश्किलले एक प्रतिशत सेवाग्राहीहरुसंग मात्रै यौन रोग सम्बन्धी कुनै किसिमले छलफल गरिएको थियो। यसको कारण गोपनियताको अभावले गर्दा पनि हुनसक्छ। केवल 6 प्रतिशत सेवाग्राहीहरुलाई मात्र सर-सल्लाह/छलफल गर्दा गोपनियता अपनाइएको थियो।

**परिवार नियोजन साधन/सेवा सम्बन्धी सेवाग्राहीको ज्ञान (Client Knowledge about Contraceptive Method)**

परिवार नियोजनको सर-सल्लाह/छलफल सेवाको अवलोकन गरिएका सेवाग्राहीहरुलाई आफुले प्रयोग गरेको साधन सम्बन्धी ज्ञान मापन गर्नका निम्ति Exit Interview मा समावेश गरिएको थियो। पिल्स प्रयोगकर्ताहरु मध्ये लगभग सबै (97%) ले पिल्स कति पटक खाने भन्ने प्रश्नको सहि उत्तर दिएका थिए। प्राय: सबै Progestin-only Injectable (96%) को प्रयोगकर्ताहरुले गर्भनिरोधक सुईले कति लामो समय सम्म काम गर्छ भन्ने कुराको सहि जवाफ दिएका थिए। तिन-चौथाई IUCD का प्रयोगकर्ताहरुले IUCD सहि ठाउँमा रहेको कसरी एकिन गर्ने भन्ने प्रश्नको सहि जवाफ दिएका थिए।

**Observed Elements of Client History for First-visit Family Planning Clients**

*Among observed consultations with first-visit FP clients (N=147), percent that include:*







© 2011 Center for Communication Programs, Courtesy of Photoshare

### संक्रमणको नियन्त्रण (Infection Control)

स्वास्थ्य संस्थाहरुमा अन्य उपकरणहरुको दाँजोमा Safety Box (87%) र Latex Gloves (86%) धेरै जसो संस्थाहरुमा भएको पाईएको थियो । आधा भन्दा बढी संस्थाहरुमा soap and running water वा अन्य alcohol-based hand disinfectant उपलब्ध थिए । अधिकांश संस्थाहरु (>99%) मा संक्रमण नियन्त्रण सम्बन्धी सबै किसिमको उपकरणहरुको उपलब्धता नभएको पाईएको थियो ।


### परिवार नियोजन सेवाहरुको लागि निर्देशिका र आधारभूत उपकरणहरु (Guidelines and Basic Equipment for Family Planning Services)

नेपालको धेरैजसो संस्थाहरुमा परिवार नियोजन सेवाहरुको गुणस्तरीय प्रबन्धको लागि मुख्य उपकरणहरु नभएको पाईएको थियो । जम्मा 7 प्रतिशत संस्थाहरुमा IUCD का लागि pelvic model र 10 प्रतिशत संस्थाहरुमा मात्र कण्डमको प्रयोग देखाउने model थिए । दशमा एक भन्दा बढी संस्थाहरुमा मात्र परिवार नियोजन सम्बन्धी निर्देशिका भएको पाईयो । आधा भन्दा कम संस्थाहरुमा examination light थिए । रक्तचाप लिने उपकरण (87%) र जाँच गर्ने बेड वा टेबल (84%) व्यापक रुपमा उपलब्धता भएको पाईएको थियो ।

### ब्यवस्थापन तथा तालिम (Management Practices and Training)

NHFS मा 2,928 परिवार नियोजनको सेवा प्रदायकहरु संग ब्यवस्थापन अभ्यास र तालिम सम्बन्धी तथ्याङ्क संकलन गरिएको थियो । जम्मा 16 प्रतिशत परिवार नियोजनको सेवा प्रदायकहरुले सर्वेक्षण अघिको दुई वर्ष भित्रमा परिवार नियोजन सम्बन्धी In-service training लिएको पाईएको छ । सर्वेक्षण अघिको 6 महिना भित्रमा लगभग तिन चौथाइ परिवार नियोजनका सेवा प्रदायकहरुले आफूलाई माथिल्लो संस्थाबाट आएका सुपरिवेक्षक वा बाहिरी सुपरिवेक्षकहरुले ब्यक्तिगत सुपरिवेक्षण वा प्राविधिक सहयोग सम्बन्धी सुपरिवेक्षण प्राप्त भएको कुरा वताएका थिए ।

2 वर्ष भित्र in-service training लिएका परिवार नियोजनका सेवा प्रदायकहरुले विविध बिषयहरुमा तालिम पाएका थिए, जसमध्ये परामर्श (11%), इम्प्लान्ट राख्ने वा झिक्ने (5%), IUCD राख्ने वा झिक्ने (4%) बारे पर्दछन् । थोरै प्रतिशत परिवार नियोजनका सेवा प्रदायकहरुले non-scalpel vasectomy (<1%), minilap tubal ligation (<1%), एच.आई.भि. पोजिटिब सेवाग्राहीलाई परिवार नियोजन (2%) र post-partum FP (2%) सम्बन्धी तालिम लिएको पाईएको थियो ।







© 2015 Julie Gerdes/GHFP-II, Courtesy of Photoshare

# मातृ स्वास्थ्य: गर्भवती सेवा (MATERNAL HEALTH: ANTENATAL)

**गर्भवती सेवाको उपलब्धता (Availability of Antenatal Care)**

समग्रमा, नेपालको 98 प्रतिशत स्वास्थ्य संस्थाहरुले गभवती सेवा अफर गर्दछन् । गर्भवती सेवा अफर गर्ने संस्थाहरु ( N=919) मध्ये 85 प्रतिशतले गर्भवती सेवा हप्तामा पाँच वा बढि दिन अफर गर्ने गरेको पाईएको छ । हप्तामा पाँच वा बढि दिन गर्भवती सेवा अफर गर्नेमा धेरैजसो निजी संस्था (96%) र हिमाली क्षेत्रका संस्था (92%) हरु पर्दछन् ।


**गर्भवती सेवा सर-सल्लाह/छलफल सम्बन्धी अवलोकन (Observations of ANC Consultations)**

NHFS मा 1,502 वटा गर्भवती सेवा सम्बन्धी सेवा प्रदायक र सेवाग्राहीको छलफल/अन्तक्रिया (consultation) अवलोकन गरिएको थियो । अवलोकन गरिएका सेवाग्राहीहरु मध्ये 35 प्रतिशत सेवाग्राहीहरुको पहिलो पटक गर्भजाँच भएको थियो भने बाँकि 65 प्रतिशत फलोअपका लागि आएका थिए । गर्भवती सेवा लिन आएका महिलाहरु मध्ये आधा जसोको पहिलो गर्भ थियो ।

गर्भवती सेवाको सेवा प्रदायकहरुले अघिल्लो गर्भबारे विवरण लिने वा नियमित परिक्षण विस्तृत रुपमा गर्ने नगरेको पाईएको थियो । 78 प्रतिशत पहिलो पटक गर्भवती जाँच गर्न आएका महिलाहरुलाई अन्तिम पटक महिनावारी भएको समय सोधिएको थियो भने जम्मा 12 प्रतिशत महिलाहरुलाई मात्र हालको औषधी/उपचार (medication) बारे सोधिएको थियो । दशमा एक भन्दा कम consultation मा मात्रै अघिल्लो गर्भबारे सबै कुराहरु सोधेको पाईएको थियो । गर्भजाँचको लागि पहिलो पटक आएका गर्भवति महिलाहरु मध्ये दश मा चार जनालाई मात्र निर्देशिकाले शिफारिस गरिए अनुसार हेमोग्लोविन जाँच (43%) वा पिसावमा प्रोटिन (Urine Protein) वा ग्लुकोज (Glucose) जाँच (41%) गरिएको थियो ।

**Observed Elements of Client History for First-visit ANC Clients**

*Among observed consulations with first-visit ANC clients (N=523), percent that include:*




अवलोकन गरिएका गर्भवती जाँचमा आएका सबै सेवाग्राही (N=1,502) हरु मध्ये अधिकांशको आधारभूत शारिरीक जाँचको सबै प्रक्रिया पुऱ्याएको पाईएको थियो । Consultation गर्ने क्रममा 91 प्रतिशत सेवा प्रदायकहरुले भ्रुणको मुटुको धड्कन सुनेको, 87 प्रतिशतले रक्तचाप नापेको र 82 प्रतिशतले तौल मापन गरेका थिए । Prevention को कार्य गर्ने क्रममा, 63 प्रतिशत consultation गरेकालाई आइरन वा फोलिक एसिड चक्की प्रदान वा खाने सल्लाह दिएको पाइयो । सो को तुलनामा, सेवा प्रदायकहरुले जम्मा 22 प्रतिशतलाई मात्र Tetanus Diphtheria लगाई दिएको वा लगाउन सल्लाह दिएका थिए ।

सेवा प्रदायकहरुले गर्भावस्थामा हुन सक्ने जटिलताहरुको बारेमा नियमित (Routinely) रुपले भन्ने गरेको पाईएन । दशमा चार वटा consultation मा तल्लो पेट एकदमै दुख्ने (Sever lower abdominal pain) र योनीबाट रगत बग्ने (Vaginal bleeding) बारेमा छलफल गरिएको थियो । एक-तिहाई consultaion मा भ्रुणको मुटुको धड्कन सामान्य वा धेरै वा नचलेको बारे छलफल गरेको पाईएको थियो । एक चौथाई consultation मा टाउको दुखेको वा आँखा धमिलो भएको बारे छलफल गरेको पाईएको थियो । त्यस्तै, एकदमै थोरै सेवाग्राहीहरुसंग हात-खुट्टा वा शरिर सुनिने (23%), ज्वरो आउने (7%), कम्पन वा मुर्छापर्ने वा थकानहुने, साँस फेर्न गाह्रो हुने (5%) बारे छलफल गरिएको थियो । अवलोकन गरिएको दुई तिहाई consultation मा कम्तीमा खतराका एउटा लक्षणबारे छलफल भएको थियो ।

**गर्भवती सेवा लिएर बाहिरिएका सेवाग्राही संग अन्तरवार्ता (ANC Client Exit Interview)**

अवलोकन गरिएका जुन गर्भवती महिला गर्भजाँच सेवा पाएर बाहिर निस्केका थिए सोहि महिलाहरु संग वहाँहरुले पाएको स्वास्थ्य-शिक्षा सम्बन्धी अन्तरवार्ता लिइएको थियो । एक तिहाई गर्भवती महिलाले वताएका थिए कि वहाँहरुलाई सेवा दिने ब्यक्तिले गर्भ संग सम्बन्धित खतराका चिन्ह र लक्षणहरु बारेमा पर ामर्श वा छलफल गर्नु भएको थियो ।

एक-तिहाई भन्दा बढी महिलाहरु (36%) ले योनीबाट रगत बग्नु (Vaginal bleeding) खतरा हो भन्ने परामर्श पाएको र 17 प्रतिशतले टाउको दुख्ने र आँखा धमिलो हुनेबारे सेवा प्रदायकले छलफल गरेको बताए । एक-चौथाई गर्भवति महिलाहरुले खतराको चिन्ह देखेमा के गर्ने भन्ने बारे सल्लाह नपाएको कुरा बताएका थिए ।

### औषधीहरुको उपलब्धता (Availability of Medicines)


दशमा नौ भन्दा बढी गर्भवती सेवा प्रदान (offer) गर्ने स्वास्थ्य संस्थाहरुमा आइरन फोलिक एसिड मिश्रित चक्की (Combined iron and folic acid) र जुकाको औषधी (Albendazole) लगायत गर्भवतीसंग सम्बन्धी सबै अतिआवश्यक औषधीहरु उपलब्ध थिए । 70 प्रतिशत निजी अस्पतालहरुको तुलनामा लगभग सबै शहरी स्वास्थ्य केन्द्रहरुमा यी सबै अत्यावश्यक औषधीहरु थिए । यी औषधीहरु तराईका संस्थाहरु (82%) भन्दा हिमाली क्षेत्रका संस्थाहरुमा (95%) बढी मात्रामा थिए ।

### गर्भवती सेवाहरुका लागि निर्देशिका तथा आधारभूत उपकरणहरु (Guidelines and Basic Equipment for ANC Services)

एक चौथाई संस्थाहरुमा गर्भवती सेवा सम्बन्धी निर्देशिका थियो । गर्भवती सेवा अफर गर्ने 90 प्रतिशत भन्दा बढी संस्थाहरुमा fetescope थियो । लगभग 90 प्रतिशत संस्थाहरुमा Stethoscope, Adult weighing scale र blood pressure apparatus उपलब्ध थिए । जम्मा 30 प्रतिशत संस्थाहरु संग मात्रै पेटको उचाई (fundal height) लिनको लागि measuring tape भएको पाईएको थियो । समग्रमा, नेपालको दुई प्रतिशत स्वास्थ्य संस्थाहरुमा मात्र गर्भवती सेवा सम्बन्धी सम्पूर्ण सामानहरु उपलब्ध भएको पाईएको थियो ।

**Guidelines and Basic Equipment for Antenatal Care Services**

*Among facilities offering ANC services (N=919), percent that have:*




### संक्रमणको नियन्त्रण (Infection Control)

स्वास्थ्य संस्थाहरुमा Soap running water or else alcohol based hand disinfectant (53%) को उपलब्धताको तुलनामा Safety box (85%) वा Latex globes (85%) बढी संस्थाहरुमा भएको पाईएको थियो । गर्भवती सेवा अफर गर्ने संस्थाहरुमध्ये संक्रमण नियन्त्रणको लागि चाहिने सम्पूर्ण साधन तथा सामग्रीहरु एक प्रतिशत भन्दा कम स्वास्थ्य संस्थाहरुमा मात्र भेटिएको थियो ।

### परिक्षण गर्ने क्षमता (Testing Capacity)

गर्भवती सेवा अफर गर्ने संस्थाहरु मध्ये, 15 प्रतिशतले पिसाबमा प्रोटिन (Urine Protein) परिक्षण गर्ने, 13 प्रतिशतले पिसाबमा ग्लुकोज (Urine Glucose) जाँच गर्ने र जम्मा 3 प्रतिशतले एच.आई.भि. (HIV) जाँच गर्न सक्ने क्षमता भएको पाईएको थियो । गर्भवती सेवा अफर गर्ने संस्थाहरु मध्ये जम्मा 3 प्रतिशतसंग मात्र माथि उल्लिखित तिन वटै आधारभुत जाँच गर्न सक्ने क्षमता थियो । अञ्चल र सो भन्दा माथिका अस्पताल र जिल्ला अस्पतालहरुमा परिक्षण गर्ने क्षमता बढी भएको पाईएको थियो ।

### व्यवस्थापनको अभ्यास र तालिम (Management Practices and Training)

NHFS ले गर्भवती सेवा दिने 2,480 जना स्वास्थ्यकर्मी संग तालिम र सुपरिवेक्षण संग सम्बन्धित सूचना सङ्कलन गरेको थियो । पाँचमा एक जना गर्भवती सेवा प्रदायकले सर्वेक्षण हुनु अघिको दुई वर्ष भित्रमा गर्भवती सेवा सम्बन्धी कुनै तालिम लिएको बताएका थिए । तिन-चौथाई सेवा प्रदायकहरुको व्यक्तिगत सुपरिवेक्षण सर्वेक्षण हुनु अघिको ६ महिना भित्रमा भएको जानकारी दिएका थिए ।

विगत दुई वर्षमा in-service training पाएको गर्भवती सेवा प्रदायकहरुले विविध विषयमा तालीम पाएका थिए । जसमा गर्भावस्थामा पोषणबारे परामर्श, परिवार नियोजन र नवजात शिशु सेवा (8%); गर्भवती जाँचको विषय जस्तै: रक्तचापको अनुगमन, पिसाबमा ग्लुकोज र प्रोटिन (8%); गर्भवतीमा हुने जटिलता र त्यसको व्यवस्थापन (8%); गर्भवती महिलामा पोषण सम्बन्धी जाँच (5%); पोषण सम्बन्धी आवश्यक तालिम (5%) र गर्भवती भएको बेलामा औलो (Malaria) को व्यवस्थापन र उपचार (2%) सम्बन्धी विषयहरु समावेश भएको कुरा बताएका थिए । प्राथमिक स्वास्थ्य सेवा केन्द्र (PHCC) मा कार्यरत धेरै सेवा प्रदायकहरुले गर्भवती संग सम्बन्धित विभिन्न खालको तालिम लिएको पाईएको थियो ।



© 2015 Tracy McClair, Courtesy of Photoshare

# मातृ स्वास्थ्य: गर्भवती सेवा (MATERNAL HEALTH: ANTENATAL)

**गर्भवती सेवा दिने संस्थाहरुमा आमाबाट बच्चामा सर्ने एच.आई.भि.को रोकथाम (Prevention of Mother-to-Child Transmission – PMTCT of HIV in ANC Facilities)**


आमाबाट बच्चामा सर्ने एच.आई.भि.को रोकथाम (PMTCT) को लक्ष्य गर्भवती, प्रसुती र स्तनपानको समयमा एच.आई.भि. सर्ने जोखिमलाई घटाउनु हो । PMTCT सेवाहरुमा निम्न विषयहरु समावेश हुन्छन् ।

- महिलामा एच.आई.भि.को प्राथमिक रोकथाम;
- एच.आई.भि. पोजिटिभ भएका महिलाको अनिच्छुक गर्भको रोकथाम;
- एच.आई.भि. पोजिटिभ गर्भवती र स्तनपान गराउने महिलाको लागि जीवनभर antiretroviral therapy बाट उपचार;
- आमा, नवजात शिशु र परिवारमा विस्तृत हेरचाहको प्रावधान ।

गर्भवती सेवा अफर गर्ने स्वास्थ्य संस्थाहरु मध्ये 18 प्रतिशत संस्थाहरुले PMTCT को सेवा दिने गरेका थिए । अञ्चल र सो भन्दा माथिका अस्पतालहरुले PMTCT सेवा सम्भवत धेरैले दिने गरेको पाईएको थियो । गर्भवती सेवा र PMTCT सेवा दिने संस्थाहरु (N=167) मध्ये प्रायजसो सबैले एच.आइ.भि. जाँच र परामर्श (HTC) सेवा गर्भवती महिलालाई दिने गरेका थिए । तर, जम्मा 10 प्रतिशत संस्थाहरुले मात्र एच.आई.भि. (HIV) पोजिटिभ महिला वा एच.आई.भि. पोजिटिभ महिला बाट जन्मेको शिशुलाई ARV Prophylaxis दिने गरेका थिए । PMTCT सेवा दिनका निम्ति संस्थाहरु equipped नभएको पाईएको थियो ।

**Availability of PMTCT Services**

*Among facilities offering ANC services and any PMTCT services (N=167), percent that provide:*





गर्भवती सेवा र PMTCT सेवा अफर गर्ने संस्थाहरु मध्ये 10 प्रतिशत भन्दा कम संस्थाहरुमा मात्र PMTCT को निर्देशिका भएको पाईएको थियो । जम्मा 12 प्रतिशत संस्थाहरुमा वयस्कको एच.आई.भि. जाँच गर्ने क्षमता थियो र 13 प्रतिशतले एच.आई.भि. जाँचका लागि Dried Blood Spot (DBS) तयार पार्ने गरेको थियो । दश प्रतिशत भन्दा कम संस्थाहरुमा कुनै न कुनै ARV औषधीहरु जस्तै AZT भोल, NMP भोल वा maternal prophylaxis को लागि ARV थिए ।

**गर्भवती सेवा दिने संस्थाहरुमा औलोको रोकथाम र उपचारका सेवाहरु (Malaria Prevention and Treatment Services in ANC Facilities)**

गर्भवती सेवा अफर गर्ने संस्थाहरु (N=919) मध्ये 6 प्रतिशत संस्थाहरुले गर्भवती सेवा लिन आएका गर्भवती महिलाहरुलाई Insecticide-treated nets (ITNs) वितरण गर्ने गरेको पाईएको थियो । औलो विरुद्ध औषधी जस्तै ACT र sulfadoxine/pyrimethamine मुस्किलले एक प्रतिशत संस्थाहरुमा मात्र उपलब्ध भएको पाईएको थियो । पाँचमा एउटा संस्था संग औलो सम्बन्धी rapid diagnostic testing (RDT) थियो । जेहोस्, जम्मा 8 प्रतिशत संस्थाहरुले Malaria Microscopy गर्ने गरेको पाईएको थियो । त्यस्तै, 15 प्रतिशत संस्थाहरुले हेमोग्लोबिन (Hemoglobin) जाँच गर्ने गर्थे । रोग निदान गर्ने उपरकणहरु जस्तै Malaria RDT, Microscopy र Hemoglobin सरकारी भन्दा निजी संस्थाहरुमा बढी तयारी अवस्थामा उपलब्ध हुने गरेको पाईएको थियो ।

**Equipment, Diagnostics, and Medicines for Malaria**

*Among facilities offering ANC services (N=919), percent that have:*






© 2015 Tracy McClair, Courtesy of Photoshare

# मातृ स्वास्थ्य: प्रसुती तथा नवजात शिशु स्याहार
# (Maternal Health: Delivery and Newborn Care)



© 2014 Nicole M. Poole, MD, MPH, Courtesy of Photoshare

### सामान्य प्रसुती र शल्यक्रिया द्वारा प्रसुती सेवाहरुको उपलब्धता (Availability of Normal Vaginal Delivery and Caesarian Delivery Services)

सर्वेक्षण भएका सबै संस्थाहरु मध्ये, 49 प्रतिशतले सामान्य प्रसुती सेवा र 5 प्रतिशतले शल्यक्रियाबाट (caesarian) प्रसुती सेवा अफर गर्ने गरेको पाईएको थियो। धेरैजसो अञ्चल र सो भन्दा माथिका अस्पतालहरु (84%), जिल्ला स्तरका अस्पताल (>99%) र प्रा.स्वा.से.के. (PHCC) (96%) हरुले सामान्य प्रसुती सेवा अफर गर्ने गरेका थिए। शल्य क्रियाबाट प्रसुती सेवा (Caesarian Delivery) अस्पतालहरुले मात्र दिने गरेका थिए।

सामान्य प्रसुती गराउने स्वास्थ्य संस्थाहरु (N=457) मध्ये एक-चौथाइमा प्रसुती सेवा दिनका लागि सेवा प्रदायकहरु स्वास्थ्य संस्थामै रहेका वा बोलाउँदा 24 सै घण्टा स्वास्थ्य संस्थामा उपलब्ध हुन कार्य तालिकामा समेत उल्लेख भएको पाईएको थियो। स्वास्थ्य चौकी (21%) को तुलनामा 80 प्रतिशत भन्दा बढी अञ्चल र सो भन्दा माथिको अस्पताल र जिल्ला स्तरको अस्पतालहरुमा सेवा प्रदायकहरु ड्युटीमा भएको वा बोलाउँदा आउने गरेको पाईएको थियो। सरकारी संस्थाहरुको (19%) तुलनामा निजी स्वास्थ्य संस्थाका प्रसुतीकर्मीहरु (61%) धेरै ड्युटीमा भएको वा बोलाउँदा आउने गरेको पाईएको थियो।


### आकस्मिक प्रसुती सेवाका लागि Signal Function हरु (Signal Functions for Emergency Obstetric Care)

सामान्य प्रसुती सेवा दिने संस्थाहरु अति महत्वपूर्ण intervention को लागि तयारी अवस्थामा हुनुपर्दछ जस्तै: आकस्मिक प्रसुती तथा नवजात शिशु सेवा (EmONC) सम्बन्धी Signal Functions जसमा प्रसुतीमा देखिएको जटिलतालाई व्यवस्थापन गरिन्छ। Signal function ले basic / comprehensive सेवामा आउने प्रसुतीको मुख्य जटिलतालाई व्यवस्थापन गर्न स्वास्थ्य सेवाको जवाफदेहिता (Responsiveness) लाई इङ्गित गर्दछ। सर्वेक्षण अघिको तिन महिनामा अभ्यास/सम्पादन गरिएका signal function हरु मध्ये सबै भन्दा धेरै parenteral oxytocic (86%) को प्रयोग थियो। सोही अवधिमा, दशमा चार वटा स्वास्थ्य संस्थाले कम्तीमा एक पटक parenteral antibiotics को प्रयोग गरेका थिए जबकि जम्मा 10 प्रतिशत संस्थाले मात्र anticonvulsants प्रयोग गरेको भेटिएको थियो। सामान्य प्रसुती सेवा अफर गर्ने 20 प्रतिशत भन्दा कम संस्थाहरुले विगत तिन महिनामा कम्तीमा एक पटक assisted vaginal delivery गरेको पाईएको थियो। स्वास्थ्य चौकीको तुलनामा अञ्चल र सो भन्दा माथिका अस्पतालहरुमा assisted vaginal delivery बढी (10% Vs >99%) हुने गरेको पाईएको थियो। एक-तिहाई संस्थाहरुले Manual Vacuum Aspirator (MVA) द्वारा बच्चा जन्माउँदा अडकेको साल-नालको टुक्रा फिक्ने गरेका थिए। 37 प्रतिशत संस्थाहरुले नि:सासिएको नवजात शिशुको व्यवस्थापन (Neonatal Resuscitation) गरेको पाईएको थियो। सामान्य प्रसुती गराउने संस्थाहरुमा सर्वेक्षण हुनु अधिको तिन महिना भित्रमा कम्तिमा एक पटक रगत चढाउने (Blood Transfusion) काम तिन मा एउटा संस्थाले गरेको पाईएको थियो। विगत तिन महिना भित्रमा एक तिहाइ भन्दा बढि संस्थाहरुले शल्यक्रियाद्वारा बच्चा जन्माउने (cesarean section) गरेको पाईएको थियो।

सामान्य प्रसुती सेवा अफर गर्ने अस्पताल र प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरु (N=106) मध्ये जम्मा 14 प्रतिशतले मात्रै basic EmONC का सातैवटा Signal Functions प्रयोग गरेको पाईएको थियो। सामान्य प्रसुती सेवा अफर गर्ने अस्पतालहरु (N=65) मध्ये 5 मा 1 भन्दा कमले मात्रै नौवटै Comprehensive EmONC को Signal Functions प्रयोग गरेको पाईएको थियो जसमा blood transfusion र cesarean delivery समावेश छन्।


**Signal Functions for Emergency Obstetric and Neonatal Care**

*Among facilities offering normal vaginal delivery services, percent that performed the following services at least once during the 3 months before the survey*




**Comprehensive Emergency Obstetric and Neonatal Care (EmONC) among Hospitals**

*Among hosptials offering normal vaginal delivery services (N=65), percent that performed the following services at least once during the 3 months before the survey*



# मातृ स्वास्थ्यः प्रसुती तथा नवजात शिशु स्याहार
# (Maternal Health: Delivery and Newborn Care)

**नवजात शिशु-स्याहार (Newborn Care Practices)**

सामान्य प्रसुती सेवा अफर गर्ने संस्थाहरु (N=457) मध्ये 90 प्रतिशत भन्दा बढी संस्थाहरुले तालिकाबद्ध (routine) रुपमा गर्नुपर्ने निम्न क्रियाकलापहरु जस्तैः जन्मेको 1 घण्टा भित्रमा दुध चुसाएको, बच्चालाई न्यानो पार्ने सुख्खा र कपडाले छोप्ने, प्रसुती हुने वित्तिकै नवजात शिशुको तौल लिने, डिस्चार्ज गर्नु पुर्व बच्चाको नियमित पुरा जाँच गर्ने, मायाको अंगालो (Kangaroo Mother Care) र शिशुलाई जन्मनासाथ आमाको नाङ्गो पेटमा राख्ने (Skin to Skin) गर्ने गरेको पाईएको थियो । लगभग दुई-तिहाई संस्थाहरुले शिशुको नाभीमा नाभी मलम लगाएका थिए । डिस्चार्ज गर्नु पुर्व लगभग दशमा एउटा संस्थाले नवजात शिशुलाई tetracycline eye ointment लगाएको, BCG Vaccine दिएको वा Vitamin K लगाइदिने गरेको कुरा उल्लेख गरेका थिए । नवजात शिशुको स्याहार गर्ने अभ्यास निजीको तुलनामा सरकारी संस्थाहरुमा बढी गर्ने गरिएको पाईयो ।

**प्रसुती, नवजात शिशु र आमाहरुको लागि औषधीको उपलब्धता (Availability of Medicine for Deliveries, Newborns and Mothers)**


सामान्य प्रसुती सेवा अफर गर्ने संस्थाहरु मध्ये अधिकांस संस्थाहरु (88%) मा प्रसुतीको लागि चाहिने सबै चारवटा आवश्यक औषधीहरुः injectable uterotonic (Oxytocin), Injectable antibiotic, skin antiseptic र infusion set सहित intravenous fluids उपलब्ध थिएनन् । आवश्यक औषधीहरुको उपलब्धता धेरैजसो अञ्चल र माथिका अस्पतालहरुमा (77%) थिए भने स्वास्थ्य चौकी (HPs) हरुमा सबै भन्दा कम (5%) मात्रामा भेटिएको थियो ।

सामान्य प्रसुती सेवा अफर गर्ने संस्थाहरुमा नवजात शिशुका लागि चाहिने अत्यावश्यक पाँचै किसिमका औषधीहरुः जस्तै tetracycline eye ointment, नाभी मलम, injectable gentamicin, ceftriaxone powder for injection / amoxicillin; केहि संस्थाहरुमा मात्र उपलब्ध थिए । नवजात शिशुका लागि चाहिने अत्यावश्यक यी पाँचैवटा औषधीहरु जिल्लास्तरका 12 प्रतिशत अस्पतालहरुमा उपलब्ध थिए ।

आमाकोलागि प्राथमिकतामा परेका आठ वटा औषधीहरु संस्थाहरुमा तयारी अवस्थामा उपलब्ध थिएन । नेपालको जम्मा 3 प्रतिशत संस्थाहरुमा मात्र सबै आठ वटा औषधीहरु (sodium chloride injectable solution, injectable calcium gluconate, ampicillin powder for injection, injectable metronidazole, misoprostol, azithromycin, cefiime, र injectable bethamethasone वा dexamethasone) तयारी अवस्थामा उपलब्ध थिए । आमाका लागि प्राथमिकतामा परेका यी सबै औषधीहरु धेरै जसो निजी अस्पताल (25%), अञ्चल र सो भन्दा माथिका अस्पतालहरुमा (23%) तयारी अवस्थामा पाईएको थियो ।


**Newborn Care Practices**

*Among facilities offering normal vaginal delivery services (N=457), percent reporting the indicated practice is routine component of newborn care*




**Availability of Medicines for Deliveries, Newborns, and Mothers by Facility Type**

*Among facilities offering normal vaginal delivery services (N=457), percent that have:*




**प्रसुती सेवाका लागि निर्देशिका र उपकरण** (Guidelines and Equipment for Delivery Services)

सामान्य प्रसुती सेवा अफर गर्ने स्वास्थ्य संस्थाहरु मध्ये, 22 प्रतिशतमा प्रसुती सेवा सम्बन्धी निर्देशिका जस्तै: Nepal Medical Standards Volume III वा Reproductive Health Clinical Guideline उपलब्ध थिए । लगभग सबै संस्थाहरुमा delivery bed (96%), gloves (93%) र delivery pack (92%) उपलब्ध थिए । दशमा आठवटा संस्थाहरुमा नवजात शिशुका लागि Bag & Mask (93%) र पार्टोग्राफ (80%) पाईएको थियो । दशमा ६ वटा संस्थाहरुमा आकस्मिक यातायातका साधन उपलब्ध थिए । आकस्मिक यातायातको सेवा सरकारी (59%) भन्दा निजीमा (96%) बढि भएको भेटिएको थियो । थोरै संस्थाहरुमा मात्र manual vacuum extractor (21%) र vacuum aspirator वा MVA Kit (19%) उपलब्ध थिए ।

**Guidelines and Equipment for Delivery Services**

*Among facilities offering normal vaginal delivery services (N=457), percent that have:*






© 2012 Amrit Banstola/Public Health Perspective Nepal, Courtesy of Photoshare

**संक्रमणको नियन्त्रण (Infection Control)**

संस्थाहरुमा धेरैजसो latex gloves (93%) र safety box (86%) उपलब्ध थिए । समग्रमा, तिन-चौथाई संस्थाहरुमा soap and running water वा alcohol-based disinfectant को व्यवस्था थियो । मुस्किलले एक प्रतिशत सुत्केरी सेवा अफर गर्ने संस्थाहरुमा संक्रमण रोकथामका सबै सामाग्रीहरु उपलब्ध थिए ।

**व्यवस्थापन अभ्यास र तालिम (Management Practices and Training)**

सामान्य प्रसुती सेवा वा नवजात शिशु सेवा दिने 1,757 सेवा प्रदायकहरुको तालिम र सुपरिवेक्षण सम्बन्धी जानकारी NHFS ले सङ्कलन गरेको थियो । सर्वेक्षण हुनु अघिको 2 वर्ष भित्रमा एक-चौथाई सेवादिने व्यक्तिले प्रसुती र/वा नवजात शिशु सेवा सम्बन्धी तालिम प्राप्त गरेको पाईएको थियो । सर्वेक्षण हुनु अघिको ६ महिना भित्रमा तिन-चौथाई सेवा प्रदायकहरुको व्यक्तिगत सुपरिवेक्षण भएको थियो ।

सेवा प्रदायकहरु मध्ये सर्वेक्षण हुनु अघिको दुई वर्ष भित्रमा प्रसुती सेवा सम्बन्धी लिएको in service training मा समावेश भएका विषयहरु: दक्ष प्रसुती कर्मी (SBA) (11%), व्यथा र प्रसुतीको बेलामा नियमित जाँच (11.%), active management of third stage of labor (11%) गर्भपतन पश्चातको सेवा (11%), मातृ पोषण र स्वास्थ्य अपडेट आकस्मिक प्रसुती सेवा/जीवन सुरक्षा शिप (9%), Advanced SBA (5%), र बृहत गर्भपतन सेवा (3%) परेको कुरा वताएका थिए ।

त्यस्तै, सेवा प्रदायकहरु मध्ये सर्वेक्षण हुनु अघिको दुई वर्ष भित्रमा नवजात शिशु सेवा सम्बन्धी लिएको in-service training मा समावेश भएका विषयहरु early and exclusive breastfeeding (13%), neonatal resuscitation (12%), sterile cord cutting and care (12%), कम तौल भएका शिशुको लागि मायाको अंगालो (kangaroo mother care) (12%), र thermal care (11%), नवजात शिशुमा संक्रमणको व्यवस्थापन (8%) भएको कुरा उल्लेख गरेका थिए ।

# एच.आई.भि. ⁄ एड्स (HIV/AIDS)

**एच.आई.भि. परिक्षण र परामर्श सेवाहरुको उपलब्धता (Availability of HIV Testing and Counselling Services)**

नेपालको थोरै मात्र स्वास्थ्य संस्थाहरुमा एच.आई.भि. परिक्षण गर्ने प्रणाली छ । एच.आई.भि. परिक्षण गर्ने प्रणाली भएका संस्थाहरु (N=57) मध्ये 81 प्रतिशत संग एच.आई.भि. परिक्षण गर्ने क्षमता छ । एच.आई.भि.को धेरैजसो जाँच अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र र एच.आई.भि. परिक्षण र परामर्श केन्द्र (Standalone HTC) हरुमा हुने गरेको पाईयो । सर्वेक्षण भएको दिनमा 10 मा 6 भन्दा बढी संस्थाहरुमा कण्डमको उपलब्धता थियो । तुलनात्मक हिसाबले सरकारी संस्थाहरुमा कण्डमको उपलब्धता बढी (10 मा 8 भन्दा बढी) भएको पाईएको थियो भने निजी संस्थाहरुमा कण्डमको उपलब्धता आधामा मात्र उपलब्ध थिए । समग्रमा, जम्मा 13 प्रतिशत संस्थाहरु संग एच.आई.भि. जाँच गर्ने सबै सामग्रीहरु उपलब्ध थिए । जस्तै: एच.आई.भि. परिक्षण क्षमता, राष्ट्रिय एच.आई.भि. परिक्षण तथा परामर्श सम्बन्धी निर्देशिका, तालिम प्राप्त सेवा प्रदायक, अरुले देख्न र सुन्न नसक्ने किसिमको गोपनियता र सेवा दिने क्षेत्रमा कण्डमको उपलब्धता ।

**संक्रमण नियन्त्रण (Infection Control)**

एच.आई.भि. परिक्षण क्षमता भएका संस्थाहरु (N=46) मध्ये एक तिहाइ संस्थाहरु संग latex gloves र soap and running water or alcohol-based hand disinfection भएको पाईएको थियो । तर, जम्मा 2 प्रतिशत संस्थाहरु संग मात्र संक्रमण रोकथाम गर्ने सबै सामग्रीहरु थिए । एच.आई.भि. परिक्षण क्षमता संगै प्रयोगशाला पनि भएको संस्थाहरु (N=40) मध्ये, लगभग सबै संग latex gloves र soap and running water or alcohol-based hand disinfectant उपलब्ध थियो । तथापि, जम्मा 3 प्रतिशत संग मात्र संक्रमण रोकथाम गर्ने सबै सामग्रीहरु थिए ।

**व्यवस्थापनको अभ्यास र तालिम (Management Practices and Training)**

NHFS मा 456 एच.आई.भि. परिक्षण तथा परामर्श (HTC) दिने सेवा प्रदायकहरुलाई वहाँहरुले लिएको तालिम र सुपरिवेक्षणको बारेमा अन्तरवार्ता गरिएको थियो । सर्वेक्षण अघिको दुई वर्ष भित्रमा 10 मा 1 भन्दा बढी सेवा प्रदायकले एच.आई.भि. परिक्षण तथा परामर्श (HTC) सम्बन्धी तालिम प्राप्त गरेका थिए । सर्वेक्षण गर्नु अघिको ६ महिना भित्रमा 10 मा 7 जना सेवा प्रदायकहरुको व्यक्तिगत सुपरिवेक्षण गरिएको थियो ।

**एच.आई.भि. हेरचाह र सहयोगी सेवाहरु (HIV Care and Support Services)**

नेपालको स्वास्थ्य संस्थाहरुमा एच.आई.भि. हेरचाह र सहयोगी सेवाहरु तयारी अवस्थामा उपलब्ध छैनन् । जम्मा 4 प्रतिशत स्वास्थ्य संस्थाहरुले मात्र opportunistic infections, fungal infections, वा Kaposi's Sarcoma, Palliative Care, पोषण पुनर्स्थापना (nutritional rehabilitation), fortified protein supplementation, बाल रोगीको हेरचाह, क्षयरोग (TB) वा opportunistic infection को रोकथाम गर्ने उपचार, परिवार नियोजन सम्बन्धी सामान्य परामर्श वा कण्डम जस्ता सेवाहरु अफर गर्ने गरेको पाईएको थियो ।

एच.आई.भि. हेरचाह र सहयोगी सेवा (HIV care and support) दिने संस्थाहरु (N=45) मध्ये एक-चौथाई संस्थाहरुमा मात्र एच.आई.भि. पोजिटिभ भएकालाई क्षयरोगको screening तथा परिक्षण गर्ने प्रणालि थियो । यो मुख्य चासोको विषय हो किनकी एच.आई.भि. भएकाहरुमा क्षयरोग लाग्ने जोखिम बढि हुन्छ । एच.आई.भि. हेरचाह र सहयोग प्रदान गर्ने प्रायजसो संस्थाहरुमा पुरुष कण्डम (93%),संक्रमण उपचार गर्नको लागि कोट्रिमोक्साजोल (Cotrimoxazole) चक्की (76%), क्षयरोगको First Line उपचार (67%), र IV solution with infusion set (61%) उपलब्ध थिए । दुखाईको व्यवस्थापन (Pain Manage) (39%) र फंगल संक्रमण (fungal infection) (45%) को लागि चक्की वा मलम कमै संस्थाहरुमा पाईएको थियो ।


**एच.आई.भि. विरुद्धको उपचार सेवाहरु (Antiretroviral Therapy (ART) Service)**

अस्पताल र प्रा.स्वा.से.केन्द्र (N=134) हरु मध्ये, 12 प्रतिशत संस्थाहरुले मात्र एच.आई.भि. विरुद्ध उपचार सेवा (ART) हरु, जस्तै: ART सम्बन्धी prescribe गर्ने, फलो-अप सेवाका लागि उपचार वा समुदायमा आधारित सेवा अफर गर्ने गरेका थिए । ART सेवा अफर गर्ने संस्थाहरु (N=15) मध्ये 43 प्रतिशत संग ART को निर्देशिका संस्थामा उपलब्ध थियो ।

प्रयोगशालामा complete blood count (76%) र renal or liver function test (69%) गरी निदान गर्ने क्षमता सामान्यता धेरै थियो । जेहोस, जम्मा 12 प्रतिशत संस्थाहरुमा ART सेवा अफर गर्ने CD4 cell count गर्ने क्षमता भएको पाईएको थियो । Complete blood count (81%) र CD4 cell count (29%) जाँच गर्ने क्षमता धेरै जसो अञ्चल र सो भन्दा माथिको अस्पतालहरुमा पाईएको थियो भने निजी अस्पतालहरुमा renal or liver function test (93%) गर्ने क्षमता बढी थियो । समग्रमा, 10 मा 8 वटा संस्थाहरुमा first-line adult ART regimen को उपलब्धता थियो ।

**Diagnostic Capacity for Antiretroviral Services (ART) by Facility Type**

*Among facilities offering ART services (N=15), percent that have capacity for:*



# औलो (MALARIA)

**औलो सेवाहरुको उपलब्धता**

समग्रमा, नेपालको आधा जसो स्वास्थ्य संस्थाहरुले औलो (Malaria) को निदान, उपचार वा दुबै सेवाहरु अफर गर्दछन् । सरकारीको तुलनामा निजी संस्थाहरुले औलोको निदान, उपचार वा दुबै सेवा झण्डै दोबर (48% vs 93%) अफर गर्ने गरेको पाईएको थियो ।

**औलो सम्बन्धी औषधी र सामग्रीहरुको उपलब्धता (Availability of Malaria Medicines and Commodities)**

2015 नेपाल स्वास्थ्य संस्था सर्वेक्षण (NHFS) ले औलोको निदान, उपचार वा दुबै सेवा अफर गर्ने संस्थाहरुमा (N=481), औलोको औषधी र सामग्रीहरुको उपलब्धता के-कस्तो थियो भन्ने मुल्याङ्कन गरेको थियो । मुस्किलले 2 प्रतिशत संस्थाहरुमा मात्र first line ACT antimalarial उपलब्धता भएको पाईएको थियो भने 60 प्रतिशत संस्थाहरुमा कुनै न कुनै first line treatment जस्तै : ACT quinine, chloroquine or primaquine line पाईएको थियो । लगभग सबै संस्थाहरुमा Paracetamol चक्की वा Injection उपलब्ध थिए । सर्वेक्षण भएको दिनमा दशमा एउटा संस्थामा मात्र long-lasting insecticide nets (LLINs) उपलब्ध थियो ।

**औलो सेवाका लागि निर्देशिका तथा निदान सेवाहरु (Guidelines and Diagnostics for Malaria Services)**


औलोको निदान, उपचार वा दुबै अफर गर्ने संस्थाहरु (N=481) मध्ये पाँचमा एउटा संस्था संग मात्र निदान, उपचार वा दुबै को लागि निर्देशिका उपलब्ध थियो । दशमा चार वटा संस्थाहरुमा Malaria Rapid Diagnostic (RDT) Kits थियो भने 16 प्रतिशत संस्थाहरुमा Malaria Microscopy भएको पाईएको थियो । समग्रमा, 57 प्रतिशत संस्थाहरुमा औलोसम्बन्धी निदान गर्ने कुनै सामग्रीहरु पनि थिएनन् ।

**औलो सम्बन्धी निदान गर्ने क्षमता (Malaria Diagnostic Capacity)**

उपचारात्मक सेवा अफर गर्ने संस्थाहरु (N=39) मध्ये जम्मा 3 प्रतिशत संस्थाहरुसंग मात्र औलोको निदान गर्ने क्षमता थियो जस अन्तरगत म्याद ननाघेको Malaria RDT Kits वा Functioning Microscopy साथै हाल सालै तालिम प्राप्त स्वास्थ्यकर्मी र औलोको RDT प्रोटोकलको उपलब्धता पर्दछन् । अन्य संस्थाहरुको तुलनामा प्राथमिक स्वास्थ्य सेवा केन्द्र (PHCC) र जिल्ला अस्पतालमा औलो सम्बन्धी निदान गर्ने क्षमता बढी पाईएको थियो । हिमाल र पहाड (हरेकमा 1%) को तुलनामा तराईका संस्थाहरुमा (5%) औलो सम्बन्धी निदान गर्ने क्षमता बढी भएको पाईएको थियो ।

**Malaria Diagnostic Capacity by Facility Type**

*Among facilities offering curative care for sick children (N=934), percent that have malaria diagnostic capacity on the day of the survey*




**औलो रोग सेवाको लागि तयारी (Malaria Service Readiness)**

बालरोगको उपचारात्मक सेवा अफर गर्ने संस्थाहरु (N=934) मध्ये 8 प्रतिशत संस्थाहरुमा मात्र औलोको उपचार गर्ने निर्देशिका पाईएको थियो । दशमा तिन वटा संस्थाहरु संग First line treatment medicine, ACT, quinine, Chloroquine, वा Primaquine चक्की उपलब्ध थिए । सर्वेक्षण अघिको 2 वर्ष भित्रमा पाँचमा एक भन्दा कम संस्थाहरुमा औलोको निदान, उपचार वा दुबै गर्नका निम्ति तालिम प्राप्त स्वास्थ्यकर्मीहरु थिए ।

माथि उल्लिखित सबै सूचकहरुलाई औलो सेवाको तयारी सम्बन्धी एउटै सूचांकमा राखेर हेर्दा, औलोको निदान गर्ने क्षमता, औलोको उपचार गर्ने निर्देशिका, first-line medicine का साथै हालै तालिम प्राप्त स्वास्थ्यकर्मीहरु सबै भएको संस्थाहरु जम्मा एक प्रतिशत मात्र थियो । औलो सेवाको तयारी सबै भन्दा बढी प्रा.स्वा.से.के. (PHCC) (5%) मा भएको पाईएको थियो ।

एसियाका देशहरुमा मधुमेह (Diabetes), हृदय सम्बन्धी रोग (CVD) र श्वास-प्रश्वास सम्बन्धी रोग (Chronic respiratory disease) जस्ता नसर्ने रोगहरु बढ्ने दर वृद्धि भइराखेको अनुभव गरिएको छ। नेपालको स्वास्थ्य सेवा प्रणालीमा नसर्ने रोगहरुको उपयुक्त तरिकाले निदान र उपचार गर्ने क्षमता हुनु महत्वपूर्ण छ।

**मधुमेह सम्बन्धी सेवाहरु (Diabetes Services)**

नेपालको पाँचमा एउटा संस्थाले मधुमेह विरामीहरुको लागि सेवा अफर गर्दछ जस अन्तरगत निदान, उपचार सम्बन्धी सल्लाह वा व्यवस्थापन गर्ने सेवाहरु पर्दछन्। मधुमेहको सेवा धेरैजसो अस्पतालहरुले अफर गर्ने गरेको पाईएको छ। मधुमेह सेवा अफर गर्ने संस्थाहरु (N=198) मध्ये निदान गर्ने क्षमता र औषधीको उपलब्धता सामान्यता कमै पाईएको थियो। जम्मा 12 प्रतिशत संस्थाहरुमा blood glucose जाँच गर्ने क्षमता, 54 प्रतिशतमा पिसावमा प्रोटिन जाँच (urine protests) गर्ने क्षमता र 55 प्रतिशत संस्थाहरुमा पिसाबमा ग्लुकोज (urine glucose) जाँच गर्ने क्षमता भएको पाईएको थियो। विभिन्न किसिमको मधुमेहको उपचारहरु तयारी अवस्थामा उपलब्ध थिएनन्। समग्रमा, 14 प्रतिशत संस्थाहरुमा glibenclamide, 20 प्रतिशतमा Injectable insulin, 34 प्रतिशतमा metformin र 55 प्रतिशत संस्थाहरुमा injectable glucose solution उपलब्ध थिए।

**हृदयरोग सम्बन्धी सेवाहरु (Cardiovascular Disease Services)**


नेपालका सबै स्वास्थ्य संस्थाहरु मध्ये, लगभग तिन-चौथाई संस्थाहरुले हृदयरोग भएकालाई निदान, उपचार सम्बन्धी सल्लाह र व्यवस्थापन सहितका हृदयरोग सम्बन्धी सेवाहरु अफर गर्ने गरेको पाईएको थियो। जेहोस, हृदयरोग सेवा अफर गर्ने संस्थाहरु (N=687), मध्ये जम्मा 4 प्रतिशत संस्थाहरु संग उच्च रक्तचाप घटाउनको लागि thiazide diuretic उपलब्ध थिए। दश प्रतिशत भन्दा कम संस्थाहरुमा aspirin वा oxygen उपलब्ध थियो। जम्मा 11 प्रतिशत संस्थाहरुमा मात्र calcium channel blockers थियो भने 18 प्रतिशत संस्थाहरुमा एनजाइना वा उच्च रक्तचापको लागि beta blockers पाईएको थियो। व्यवस्थापन स्वामित्व अनुसार सरकारी संस्थाहरु भन्दा निजी संस्थाहरुमा हृदय रोग सम्बन्धी धेरै जसो औषधी तथा सामग्रीहरु भएको पाईएको थियो।

**श्वास प्रश्वास सम्बन्धी दिर्घ रोगका सेवाहरु (Chronic Respiratory Disease Services)**

नेपालका 90 प्रतिशत भन्दा बढी संस्थाहरुले श्वास-प्रश्वास सम्बन्धी दिर्घ रोगीहरुको निदान, उपचारको सल्लाह वा व्यवस्थापन सहित गरेर श्वास प्रश्वास सम्बन्धी दिर्घ रोगको सहयोगी सेवा अफर गर्ने गरेका थिए। श्वास-प्रश्वास सम्बन्धी दिर्घ रोगको सेवा अफर गर्ने संस्थाहरु (N=885) मा Salbutamol inhaler (79%) बाहेक अत्यावश्यक औषधी र सामग्रीहरुको उपलब्धता तुलनात्मक रुपले कम पाईएको थियो। केहि संस्थाहरुमा cholesterol घटाउन र मुटुको धड्कन घटबढ भएको उपचार गर्नको निम्ति अन्य उपचार पद्धति अपनाउने गरेको पाईएको थियो। अत्यावश्यक सबै औषधी र सामग्रीहरु निजी स्वास्थ्य संस्थाहरुमा बढी हुने गरेको पाईएको थियो।


**Diagnostic Capacity and Essential Medicines for Diabetes**

*Among facilities offering services for diabetes (N=198), percent that have:*





**Availability of Essential Medicines and Commodities for Cardiovascular Disease**

*Among facilities offering services for cardiovascular disease (N=687), percent that have:*




**Availability of Essential Medicines and Commodities for Chronic Respiratory Disease**

*Among facilities offering services for chronic respiratory disease (N=885), percent that have:*



# क्षयरोग (Tuberculosis)


**क्षयरोग सम्बन्धी सेवाहरु (Tuberculosis Services)**

नेपालको लगभग आधा जसो संस्थाहरु (N=940) ले क्षयरोग निदानका लागी screening र प्रेषणको सेवा अफर गर्ने गरेका थिए । एक-तिहाई संस्थाहरुले कुनै न कुनै क्षयरोग सम्बन्धी निदान सेवा अफर गर्ने गरेका थिए । लगभग दश मा नौ वटा संस्थाहरुले कुनैपनि क्षयरोग सम्बन्धी उपचार, उपचारको फलोअप वा दुबै सेवाहरु अफर गर्दथे । क्षयरोगको निदान वा उपचार दशमा तिन वटा संस्थाहरुले दिने गरेको पाईएको थियो । समग्रमा, 94 प्रतिशत संस्थाहरुले कुनै पनि क्षयरोग सम्बन्धी निदान, उपचार, उपचारको फलोअप वा सबै सेवाहरु अफर गर्ने गरेका थिए ।

क्षयरोगको निदान, उपचार वा दुबै सेवा अफर गर्ने संस्थाहरु (N=882) मध्ये एक-तिहाई संस्थाहरुमा क्षयरोग सम्बन्धी निदान र उपचारको निर्देशिका थियो भने पाँच प्रतिशत संस्थाहरु संग एच.आई.भि. र क्षयरोग सह-संक्रमण (HIV and TB Co-infection) सम्बन्धी निर्देशिका भएको पाईएको थियो । कुनै पनि क्षयरोग सेवा अफर गर्ने संस्थाहरुमा थोरै संग मात्र क्षयरोग निदान गर्ने उपकरणहरु थिए । क्षयरोग सेवा अफर गर्ने संस्थाहरु मध्ये, जम्मा दश प्रतिशत संग मात्र Functioning Microscope, Slides, Zinh-Neelson का लागि सबै Stains भएको TB Smear Microscopy थियो । दशमा एउटा संस्थाहरुमा मात्र क्षयरोगको X-Ray लिने क्षमता थियो । जम्मा एक प्रतिशत संस्था संग Culture Medium जाँच गर्ने क्षमता थियो भने एक भन्दा कम प्रतिशत संस्थाहरुमा TB RDT Kit उपलब्ध थिए । यी क्षमताहरु अञ्चल र सो भन्दा माथिका संस्थाहरुमा धेरैजसो भएको पाईएको थियो । कुनै पनि क्षयरोग सम्बन्धी सेवा अफर गर्ने संस्थाहरु मध्ये 4 प्रतिशत संस्थाहरुसंग क्षयरोगीलाई एच.आई.भि. निदान गर्ने प्रणाली थियो भने 5 प्रतिशत संस्थाहरुमा मात्र क्षयरोग भएकालाई एच.आई.भि. निदान गर्ने प्रणाली थियो । यस प्रणालीमा एच.आई.भि. परिक्षण भएका क्षयरोगीलाई संकेत गर्नका निम्ति रेकर्ड वा रजिष्टर पर्दछ । क्षयरोग सेवा अफर गर्ने संस्थाहरु मध्ये तिन-चौथाई संस्थाहरुमा क्षयरोगका लागि First Line उपचार four-drug fix dose combination थिए । दशमा तिन वटा संस्थाहरुमा injectable streptomycin भएको पाईएको थियो । निजी भन्दा सरकारी संस्थाहरुमा क्षयरोग सम्बन्धी उपचार सेवा बढी अफर गर्ने गरेको पाईएको थियो ।


**Tuberculosis Diagnostic Capacity**

*Among facilities offering TB diagnosis or treatment and/or treatment follow-up services (N=882), percent that have:*




**Availability of Medicines for Tuberculosis by Managing Authority**

*Among facilities offering TB diagnosis or treatment and/or treatment follow-up services (N=882), percent with:*



# आधारभूत सेवाको तयारी सम्बन्धी सूचकहरु (Basic Service Readiness Indicators)*

| सेवाग्राहीको लागि आधारभूत सुविधाहरुको उपलब्धता (Availability of Basic Amenities for Client Services) (%) | भौगोलिक क्षेत्र | | | भुकम्प प्रभावित जिल्ला |
|---|---|---|---|---|
| | हिमाल | पहाड | तराई | |
| नियमित विद्युत सेवा (Regular electricity)[1] | 69 | 53 | 37 | 46 |
| सुरक्षित पानीको श्रोत (Improved water source)[2] | 72 | 74 | 94 | 78 |
| सुनिने र देखिने गोपनियता (Visual and auditory privacy)[3] | 82 | 77 | 81 | 70 |
| सेवाग्राहीको लागि चर्पि (Client latrine)[4] | 78 | 84 | 79 | 85 |
| संचारका साधन (Communication equipment)[5] | 10 | 21 | 23 | 25 |
| आकस्मिक यातायात सेवा (Emergency transport)[6] | 41 | 56 | 70 | 68 |
| **आधारभूत उपकरणको उपलब्धता (Availability of Basic Equipment) (%)** | | | | |
| बयस्क मापन स्केल (Adult scale) | 86 | 93 | 84 | 90 |
| बच्चाको लागि मापन स्केल (Child scale)[7] | 49 | 42 | 30 | 33 |
| शिशुको लागि मापन स्केल (Infant scale)[8] | 50 | 60 | 50 | 54 |
| थर्मोमिटर (Thermometer) | 92 | 95 | 89 | 98 |
| स्टेथेस्कोप (Stethoscope) | 98 | 99 | 96 | 99 |
| रक्तचाप सम्बन्धी सामग्री (Blood pressure apparatus)[9] | 94 | 96 | 92 | 97 |
| प्रकाशको श्रोत (Light source)[10] | 57 | 55 | 44 | 63 |
| **संक्रमण नियन्त्रणको लागि अपनाईने मापदण्ड (Standard Precautions for Infection Control) (%)** | | | | |
| निर्मलिकरण गर्ने उपकरणहरु (Sterilization equipment)[11] | 80 | 84 | 75 | 80 |
| किटाणुनाशक (Disinfectant)[12] | 63 | 68 | 55 | 77 |
| सिरिंज र सुई (Syringes and needles)[13] | 81 | 84 | 81 | 85 |
| Soap and running water or else alcohol-based hand disinfectant | 51 | 61 | 50 | 63 |
| Latex gloves[14] | 81 | 83 | 75 | 88 |
| Guidelines for standard precautions[15] | 5 | 5 | 2 | 6 |
| **प्रयोगशाला निदान क्षमता (Laboratory Diagnostic Capacity) (%)** | | | | |
| हेमोग्लोविन (Hemoglobin) | 10 | 13 | 22 | na |
| रगतमा ग्लुकोचको जाँच (Blood glucose) | 4 | 7 | 11 | na |
| औलो निदान जाँच (Malaria diagnostic test) | >99 | 98 | 97 | na |
| पिसाबमा प्रोटिनको जाँच (Urine protein) | 8 | 12 | 19 | na |
| एच.आई.भि. परिक्षण (HIV diagnostic test) | 2 | 5 | 8 | na |
| Dried blood spot (DBS) collection | 2 | 5 | 9 | na |
| क्षयरोग माइक्रोस्कोपी (Tuberculosis microscopy) | 64 | 56 | 44 | na |
| **आवश्यक औषधीको उपलब्धता (Availability of Essential Medicines) (%)** | | | | |
| Amoxicillin tablets/capsules (1st line antibiotic for adults) | 96 | 90 | 83 | 86 |
| Cotrimoxazole (antibiotic for children) | 49 | 53 | 42 | 48 |
| Paracetamol tablet/injection (fever-reducer & analgesic for children) | 99 | 99 | 96 | 97 |
| **आधारभूत सेवाको उपलब्धता (Availability of Basic Clients Services) (%)** | | | | |
| बाल उपचारात्मक सेवा (Child curative care) | >99 | >99 | 99 | 99 |
| बाल बृद्धि अनुगमन (Child growth monitoring) | 99 | 97 | 85 | 94 |
| बाल खोप (Child vaccination)[16] | 89 | 89 | 83 | 90 |
| परिवार नियोजन सम्बन्धी कुनै आधुनिक साधन (Any modern methods of family planning)[17] | >99 | 99 | 96 | 97 |
| गर्भवती जाँच (Antenatal care) | >99 | >99 | 95 | 99 |
| यौन जन्य सेवाहरु (Services for STIs) | 62 | 80 | 69 | 78 |
| सबै आधारभूत सेवाहरु (All basic client services)[18] | 53 | 70 | 54 | 68 |

[1]Facility is connected to a central power grid and there has not been an interruption in power supply lasting for more than 2 hours at a time during normal working hours in the 7 days before the survey. [2]Water is piped into facility or piped onto facility grounds, or else water from a public tap or standpipe, a tube well or borehole, a protected dug well, protected spring, or rain water, or bottled water and the outlet from this source is within 500 metres of the facility. [3]A private room or screened-off space available in the general outpatient service area that is a sufficient distance from other clients so that a normal conversation could be held without the client being seen or heard by others. [4]The facility had a functioning flush or pour-flush toilet, a ventilated improved pit latrine, or composting toilet. [5]The facility had a functioning landline telephone, functioning facility-owned cellular phone, a private cellular phone that is supported by the facility or a functioning short wave radio available at the facility. [6]The facility had a functioning ambulance or other vehicle for emergency transport that is stationed at another facility or that operates from another facility. [7]A scale with gradation of 250 grams, or a digital standing scale with a gradation of 250 grams or lower where an adult can hold a child to be weighed. [8]A scale with gradation of 100 grams, or a digital standing scale with a gradation of 100 grams

*आधारभूत सेवाको तयारी सम्बन्धी सुचकहरुको पूरा भाग NHFS को Final प्रतिवेदनमा पाउन सकिन्छ ।

| संस्थाको प्रकार | | | | | | | व्यवस्थापनको स्वामित्व | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अञ्चल र सो भन्दा माथिको अस्पतालहरु | जिल्ला स्तरका अस्पतालहरु | नीजि अस्पतालहरु | प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरु | स्वास्थ्य चौकीहरु | शहरी स्वास्थ्य केन्दहरु | एच.आई.भि. परिक्षण र परामर्श केन्द्र | सरकारी | नीजि | जम्मा |
| >99 | 95 | 99 | 73 | 42 | 24 | 71 | 44 | 93 | 49 |
| 97 | 93 | 89 | 94 | 79 | 75 | 94 | 80 | 91 | 81 |
| 86 | 90 | 96 | 93 | 76 | 58 | 99 | 77 | 97 | 79 |
| 93 | 96 | 98 | 95 | 79 | 80 | 91 | 80 | 97 | 82 |
| >99 | 88 | 99 | 41 | 8 | 14 | 88 | 12 | 96 | 20 |
| 93 | 93 | 95 | 75 | 54 | 59 | 67 | 56 | 88 | 59 |
| | | | | | | | | | |
| 86 | 93 | 94 | 84 | 88 | 94 | 86 | 88 | 92 | 89 |
| 27 | 38 | 26 | 39 | 41 | 25 | 9 | 40 | 22 | 39 |
| 24 | 42 | 41 | 50 | 59 | 33 | 22 | 57 | 36 | 55 |
| 93 | 97 | 96 | 94 | 93 | 96 | 79 | 93 | 92 | 93 |
| 97 | 99 | 97 | 99 | 98 | >99 | 91 | 98 | 95 | 98 |
| 90 | 97 | 96 | 98 | 93 | >99 | 91 | 94 | 95 | 94 |
| 83 | 88 | 89 | 67 | 45 | 59 | 73 | 48 | 85 | 51 |
| | | | | | | | | | |
| >99 | 96 | 98 | 95 | 78 | 66 | 64 | 79 | 90 | 80 |
| 55 | 51 | 63 | 43 | 64 | 55 | 67 | 62 | 64 | 63 |
| 55 | 55 | 60 | 64 | 86 | 92 | 75 | 84 | 64 | 82 |
| 93 | 70 | 86 | 65 | 51 | 51 | 82 | 53 | 85 | 56 |
| 76 | 74 | 83 | 63 | 81 | 77 | 71 | 80 | 80 | 80 |
| 10 | 7 | 5 | 5 | 3 | 3 | 16 | 3 | 8 | 4 |
| | | | | | | | | | |
| 97 | 97 | 93 | 75 | 4 | <1 | 23 | 9 | 76 | 16 |
| 49 | 53 | 58 | 27 | 1 | <1 | 15 | 4 | 47 | 8 |
| >99 | >99 | 97 | >99 | >99 | 98 | 7 | >99 | 75 | 98 |
| 93 | >99 | 91 | 64 | 2 | <1 | 24 | 7 | 74 | 14 |
| 86 | 57 | 25 | 11 | 1 | <1 | 69 | 3 | 36 | 6 |
| 27 | 9 | 7 | 2 | na | na | na | 6 | 7 | 7 |
| 73 | 80 | 41 | 55 | na | na | na | 62 | 41 | 51 |
| | | | | | | | | | |
| 73 | 99 | 71 | 93 | 89 | 95 | na | 90 | 71 | 88 |
| 38 | 63 | 23 | 53 | 51 | 36 | na | 51 | 23 | 49 |
| 97 | 99 | 73 | 99 | >99 | 98 | na | 99 | 73 | 97 |
| | | | | | | | | | |
| >99 | 99 | 93 | >99 | >99 | 98 | na | >99 | 93 | 99 |
| 85 | 96 | 54 | 96 | 97 | 77 | na | 96 | 54 | 93 |
| 85 | 90 | 29 | 95 | 92 | 82 | na | 91 | 29 | 87 |
| 88 | >99 | 70 | >99 | >99 | >99 | na | >99 | 70 | 98 |
| 96 | 99 | 86 | >99 | 99 | 97 | na | 99 | 86 | 98 |
| >99 | 99 | 93 | 98 | 71 | 51 | na | 72 | 93 | 74 |
| 81 | 86 | 25 | 91 | 64 | 33 | na | 65 | 25 | 62 |

where an adult can hold an infant to be weighed. [9]A digital blood pressure machine or a manual sphygmomanometre with a stethoscope. [10]A spotlight source that can be used for client exam or a functioning flashlight. [11]Facility reports that some instruments are processed in the facility and the facility has a functioning electric dry heat sterilizer, a functioning electric autoclave, or a non-electric autoclave with a functioning heat source available. [12]Chlorine-based or other country-specific disinfectants used for environmental disinfection available in the general outpatient area. [13]Single-use standard disposable syringes with needles or else auto-disable syringes with needles. [14]Non-latex equivalent gloves acceptable. [15]Any guideline for infection control in health facilities available. [16]Facility routinely provides BCG, pentavalent, polio, and measles-rubella (MR) vaccinations at the facility. [17]Facility provides, prescribes, or counsels clients on any of the following methods of family planning: combined oral contraceptive pills, progestin-only injectables, implants, IUCDs, male condom, male sterilization, or female sterilization. [18]Includes outpatient curative care for sick children, child growth monitoring, child vaccination services, any modern method of family planning, antenatal care, and services for STIs.

USAID FROM THE AMERICAN PEOPLE

New ERA

UKaid from the British people

NHSSP Nepal Health Sector Support Programme

UNFPA

World Health Organization Nepal